# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा भनेको ज्ञान प्राप्त गर्नु हो । नेपाली भाषामा ‘शिक्षा’ शब्द संस्कृत भाषाको शिक्ष् धातुबाट बनेको शब्द हो । जसको अर्थ हुन्छ सिकाउनु । नेपाली वृहत शब्दकोशअनुसार शिक्षा भनेको विद्यालय, महाविद्यालय एवम् घरमा समेत नियमित रूपले अध्ययन गर्ने गराउने वा चाजोपाजो मिलाउने कामलाई बुझिन्छ । अङ्ग्रेजी भाषामा इजुकेसन शब्द इ-ड्यूको, इडुकेयर जस्ता शब्दबाट विकसित भएको मानिन्छ । जसको अर्थ हुन्छ, अगुवाई गर्नु वा बाहिर निकाल्नु हो जुन मानिसले चाहेर पनि अनुभव आर्जन गरिरहेकै हुन्छ । वर्तमान अवस्थामा शिक्षा मानव जीवनको एउटा अभिन्न अङ्ग बन्न पुगेको छ (पराजुली,२०६५) ।

कुनै पनि शैक्षिक संस्थाले आफ्नो लक्षित उद्देश्य पूरा गराउनका लागि आफूसँग भएको स्रोत र साधनलाई इमान्दारी र विवेकपूर्ण तरिकाले परिचालन गरेको हुन्छ । यस्तो अवस्थामा मात्र शैक्षिक संस्था वा निकायले आफ्नो घोषित लक्ष्य हासिल गर्न सक्दछ । शिक्षा विकासक्रमको सुरुदेखि नै थोर बहुत राज्यस्तर/ समुदाय स्तरबाट लगानी हुँदै आएको विद्यमान अवस्था रहेको छ । खासगरी शिक्षामा लगानी गर्ने व्यक्ति समुदाय शिक्षित र लगानी गर्न नसक्ने अशिक्षित र दयनिय जीवन जिउन बाध्य छन् । यसरी हेर्दा शिक्षामा भएको लगानीले मात्र समाज र देशको विकासमा टेवा पुग्ने देखिन्छ (काफ्ले र साथीहरू, २०६५) ।

शिक्षाले राखेको लक्ष्य र उद्देश्य प्राप्तिका लागि विद्यालयमा गरिने गतिविधिले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । विद्यालयमा भएका राज्य समुदाय, सङ्घ संस्थाको लागनीको सही सदुपयोग र परिचालन हुनुपर्दछ । विद्यालयले पनि इमान्दारीपूर्वक लगानीलाई परिचालन गर्न सक्नुपर्छ । यसका लागि प्रभावकारी व्यवस्थापन नै आवश्यक हुन्छ (अधिकारी,२०६६) । विद्यालय एउटा सानो समाज हो । विद्यालमया विभिन्न स्रोतबाट आम्दानी हुनेगर्छ । विभिन्न शीर्षकमा खर्च पनि हुन्छ । विभिन्न किसिमका आर्थिक र सामाजिक कार्यहरू हुन्छन् । विद्यालयमा भएका यस्ता क्रियाकलापको लेखाजोखा एउटा वित्तीय लेखा परीक्षण (अडिट) ले मात्र सम्भव राहेता वित्तीय लेखाप्रणालीले विद्यालयको चलअचल सम्पत्तिको मात्र लेखाजोखा गर्छ । यो विद्यालयको सामाजिक सम्बन्ध, भौतिक सुधार, गुणस्तरका क्षेत्रमा मौनप्रायः हुन्छ । लेखा प्रणाली विशुद्ध आर्थिक कारोवारको लेखाजोखा गर्ने साधन मात्र हो ।

लेखापरीक्षण भनेको सङ्घसंस्था वा कार्यालयमा कारोबारको भए गरेका देखिने गरी प्रचलित कानुन बमोजिम राखिने अभिलेख, खाता, किताब र सो कारोवारलाई प्रमाणित गर्ने अन्य

कागजातको परीक्षण गर्ने कार्यसमेतलाई जनाउँछ । नेपालमा लेखापरीक्षणको इतिहासको विकासक्रम वि.स. १८२८ पछि सुरुवात भएको मानिन्छ । यसका लागि कुमारी चोक अड्डाको स्थापन गरी सबै सरकारी अड्डाहरूको बही हेर्ने, दरबन्दीअनुसार खर्च भए, नभएको हेर्ने काम हुन थालेको पाइन्छ पछि घटनाक्रम परिवर्तन हुँदैजाँदा वि.स. २०१९ सालको नेपालको संविधान लागु हुनुअघि महालेखा परीक्षकको नियुक्ति गरी सम्पूर्ण लेखापरीक्षणसम्बन्धी काम हेर्ने जिम्मेवारी दिएको पाइन्छ । हाल महालेखा परीक्षकको कार्यलयलाई संवैधानिक अङ्गका रूपमा स्वीकार गरी व्यवस्थित र वैज्ञानिक लेखापरीक्षणको कार्य हुँदै आएको छ (पाण्डे र अमात्य,२०६२) ।

यसरी हेर्दा वित्तीय लेखा परीक्षणको एक आर्थिक वर्ष भित्र भएका आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता, पारदर्शिता, उत्तरदायित्वको मात्र परीक्षण गर्ने कार्य गर्दछ तर विद्यालयमा शैक्षिक उपलब्धिको स्थिति, विद्यार्थीको नियमितता, शिक्षक उपस्थिति, विद्यार्थीको व्यक्तित्व विकास, विद्यालय व्यवस्थपन समिति (वि.व्य.स.)को काम, कर्तव्य, अधिकारको प्रयोग, विद्यालय खुलेका दिन, पढाइ सञ्चालन भएका दिन, विद्यालयका अन्य गतिविधिका सन्दर्भमा कही कतै बोल्दैन । यसका सम्बन्धमा लेखाजोखा गर्ने विद्यालयमा सामाजिक परीक्षण समिति रहेको हुन्छ । त्यही समिति मार्फत विद्यालयको एक शैक्षिक वर्षभरिका गतिविधिको परीक्षण गरी मूल्याङ्कन प्रतिवेदन तयार पार्ने कार्य गरिन्छ । त्यही नै सामाजिक परीक्षण हो (तामाङ,२०६६) ।

सामाजिक परीक्षणको अवधारणा व्यावसायिक क्षेत्रमा सामाजिक क्रियाकलपाको व्यवस्थित अध्ययन र मूल्याङ्कन गर्ने प्रक्रियाबाट सुरुवात भएको इतिहास पाइन्छ । व्यवसाय समाजप्रति बढी उत्तरदायित्व भएकाले सन् १९५० मा हर्वाड आर बोवेरले सामाजिक परीक्षणलाई व्यवसायभित्र भित्र्याएका थिए । यसको सुरूवात व्यावसायिक क्षेत्रबाट भएपनि हाल विभिन्न गैर सरकारी र सरकारी सङ्घसंस्थामा यसको कार्यान्वयनमा जोड दिन थालिएको छ । जसले सङ्घर्ष संस्थाहरूले के, कति जिम्मेवारी वहन गर्न सके, भनी थाहा पाउनका लागि गर्ने गरेको छ । यसले व्यावसायिक सङ्गठन निर्वाह गरेको सामाजिक उत्तरदायित्व मापन गर्छ र प्रभावकारिता मूल्याङ्कन गर्छ । यसो गर्दा सामाजिक उत्तरदायित्व वहन गरेका निकायप्रति सर्वसाधारणको चासो बढ्ने, संस्थाका सम्पूर्ण गतिविधि पारदर्शी भई संस्थालाई सहयोग पुग्ने देखिन्छ (सिह, भण्डारी, २०६९) ।

विद्यालय एक सामुदायिक संस्था भएकाले यहाँ हुने हरेक गतिविधि प्रति अभिभावकको चासो हुनु स्वाभाविकै हो । यस्ता गतिविधिको सामाजिक परीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्न आवश्यक छ भनी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ र राष्ट्रिय शिक्षा कार्यदल २०५८ ले सिफारिस गरेपछि नेपालका सामुदायिक विद्यालयहरूको गतिविधिको वार्षिक प्रतिवेदन सार्वजनिक

गर्न शिक्षा नियमावली २०५९ को पाँचौ संशोधन, २०६७ को परिच्छेद ३०, दफा १७१ मा सामुदायिक विद्यालयको काम कारवाही ऐन तथा नियमावली बमोजिम भए, नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न शिक्षक-अभिभावक सङ्घको अध्यक्षको संयोजकत्वमा सात सदस्यीय सामाजिक परीक्षण समिति रहने प्रावधान रहेको छ। जसले विद्यालयका सकारात्मक विषय र सुधार गर्नुपर्ने विषय स्पष्ट खुलाई प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान राखेको छ। प्रतिवेदनमा गत आ.व. को सामाजिक प्रतिवेदनको कार्यान्वयनको अवस्था समेत स्पष्ट खुलाउनु पर्ने प्रावधान छ (सामाजिक परीक्षण निर्देशिका, २०६५)।

विद्यालयको सामाजिक परीक्षण विकेन्द्रीकरणको सिद्धान्तमा आधारित सहभागिता मूलक विधि हो। यसले स्थानीय स्तरमा स्रोत र साधन के, कति छन् ? विद्यालयले के कस्ता उद्देश्यहरू निर्धारण गरेको छ ?, विद्यालयले वर्षभरिमा के, कति सिकाई उपलब्धि हासिल गऱ्यो ?, विद्यालय खुले, नखेलेको दिन, खुद पढाई भएको दिनको अवस्था कस्तो रह्यो ?, कुन कुन शिक्षकहरू वर्ष भरिमा कति हाजिर भए?, विदामा को, कति बसे? विना सूचना कुन शिक्षक कति विद्यालय आएन्? विद्यालयको भौतिक अवस्था, भवन, कक्षाकोठा, फर्निचर, खेलमैदान, पुस्तकालय, शौचालय, खानेपानी, चमेनागृहको वर्तमान अवस्था कस्तो छ ? वि.व्य.स.को बैठक, शि.अ. सङ्घको बैठक, शिक्षक स्टाफ बैठक, अभिभावकको उपस्थितिको अवस्था बैठकमा निर्णय प्रक्रिया के कस्तो छ ? विद्यालयमा भर्नादर, सिकाइ उपलब्धि दर, लैङ्गिक संरचना, जातीय, भाषिक स्थिति, विद्यालयका आम्दानीको स्रोत, बार्षिक आय-व्यय विवरणको अवस्थालाई स्थानीय स्तरमा नै पहिचान गर्न मद्दत पुऱ्याउँछ तथा देखिएका समस्या पहिचान गरी आवश्यक पृष्ठपोषण समेत प्रदान गरी विद्यालयको चौतर्फि विकासमा जनसहभागिता वृद्धि गर्ने कार्यमा समेत सामाजिक परीक्षणले मद्दत गर्दछ ( जि.शि.का. बुलेटिन मोरङ, २०६५)।

विकेन्द्रीकरणको सिद्धान्तअनुसार विद्यालमया स्थानीय सरोकारवालाहरूको सहभागिता वृद्धि गराउन, विद्यालयमा गरिने आर्थिक कारोबारको औचित्य दर्साउन, स्थानीय सहयोग जुटाउन, शिक्षामा जुटेको रकमबाट पारदर्शी हिसाबकिताब राख्न, लक्ष्यअनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्न, शैक्षिक संस्थामा जनविश्वास बढाउन, लागत लाभ विश्लेषण गर्न, समुदायलाई सजग र सतर्क गराउन सामाजिक परीक्षणको आवश्यकता मात्र नभई कानुनी अनिवार्यताको रूपमा समेत सामाजिक परीक्षणलाई विकसित गरिएको छ। सामाजिक परीक्षण नगरिएका विद्यालय निकासाका लागि अयोग्य हुने भएकाले पनि सामुदायिक विद्यालयका लागि सामाजिक परीक्षण कानुनी र व्यावहारिक रूपमा अनिवार्य भएको छ (शर्मा, २०६१)।

नेपालमा सामुदायिक विद्यालयको प्रमुख आयस्रोत सरकारी अनुदान नै रही आएको भए तापनि पनि सरकारले सबै नागरिकहरूलाई सबै किसिमको शिक्षा दिन सक्ने अवस्था छैन । स्थानीय स्तरमा पनि स्रोत जुटाउदै शिक्षा प्रदान गर्ने नीति लिएमा शिक्षाप्रति आम अभिभावकको चासो बढ्ने छ । खास गरी केन्द्रीय तहका अधिकार र निर्णय प्रक्रियालाई स्थानीय स्तरमा हस्तान्तरण गर्दै विद्यालय व्यवस्थापनमा स्थानीय अभिभावकलाई सहभागी गराउँदै पहुँच वृद्धि गर्नु विकेन्द्रीकरणको नमुना हो । यसबाट अभिभावकको चासो वृद्धि भई शैक्षिक प्रक्रियाको गुणस्तर र व्यवस्थापनमा सुधार आउन सक्छ । समुदायलाई विद्यालय व्यवस्थपनमा सहभागी गराई विद्यालयको सम्पूर्ण गतिविधि बारे खुल्ला बहस, छलफल र अन्तक्रिया गराउन सकेमा विद्यालयको गतिविधि र क्रियाकलाप पनि पारदर्शी हुने शिक्षामा समुदायको सहभागिता पनि बृद्धि, गराउन सकिन्छ (आचार्य र खनाल,२०६२) ।

यसरी हेर्दा सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको महत्वपूर्ण स्थान रहेको देखिन्छ । सामुदायिक विद्यालय समाजको आवश्यकताअनुसारको शिक्षा प्रदान गर्ने र समाजको अपेक्षाअनुसारको जनशक्ति उत्पादन गर्ने निकायको रूपमा रहेको छ । विद्यालयले समाजप्रति आफ्नो उत्तरदायित्व पूरा गर्न समाजको विश्वास प्राप्त गर्नु पर्दछ । समाजको विश्वासनीय संस्थाका रूपमा विद्यालयलाई स्थापित गर्न विद्यालय व्यवस्थापकले सामाजिक परीक्षण गराउन अपरिहार्य छ । विद्यालयका प्रधानाध्यापक, शिक्षकलाई जिम्मेवार र कर्तव्यपरायण बनाउने कार्यमा समेत सामाजिक परीक्षणले मद्दत पुऱ्याउँछ । सामाजिक परीक्षणले विद्यालयको गतिविधि र पारदर्शिता ढङ्गले अभिभावकसम्म पुऱ्याई उनीहरूको विद्यालय व्यवस्थापनप्रति चासो बढाउँछ । यस्तै गरी विद्यालयको सबै पक्षको चौतर्फी विकासद्वारा विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्नुका साथै विद्यालयको आन्तरिक कार्यकुशलता अभिवृद्धि गरी शैक्षिक क्षतिलाई न्यून गराउन र उच्चतम प्रतिफल हासिल गर्न मद्दत गर्छ (खतिवडा, २०६६) ।

## १.२ समस्याको कथन

सामुदायिक विद्यालयले आफूले गरेका वार्षिक गतिविधि सरोकारवाला समक्ष पुऱ्याउने एउटा माध्यम सामाजिक परीक्षण हो । विद्यालयले समुदायका बालबालिकाका सपनाहरू पूरा गराउने लक्ष्य राखेको हुन्छ । विद्यालय भौतिक पूर्वाधार, जनशक्ति परिचालन र अर्थको त्रि-समन्वयात्मक ढङ्गबाट परिचालित हुन्छ । विद्यालयको आधारभूत सुविधामा वृद्धि र पारदर्शिताले शैक्षिक गुणस्तरमा वृद्धि

ल्याउँछ । यसका लागि जनसहभागिता वृद्धि गराउन सकिए मात्र विद्यालय र समुदायको सम्बन्ध बलियो हुन्छ ।

विद्यालयको चौतर्फी विकासमा समुदायको अहम भूमिका हुन्छ । विद्यालयमा प्राप्त सरकारी अनुदान रकम होस् वा स्थानीय निकायबाट प्राप्त चन्दा वा दानदातव्य सबैको पारदर्शिता समुदायले खोजेको हुन्छ । भौतिक सुधारदेखि शैक्षिक गुणस्तरमा भएको खर्चको विवरण, जनसहभागिता, उत्तरदायित्व सबैको लेखाजोखा हुनु पर्दछ । विद्यालयमा दैनिक प्रशासन संचालन, रेखदेख र आयव्ययको विवरण दुरुस्त बनाइराख्ने प्रमुख जिम्मेवारी प्रधानाध्यापकको हो तर विद्यालयमा प्रधानाध्यापकले आफूखुसी गरेको, भौतिक र शैक्षिक उन्नति हुन नसकेको आर्थिक विवरण चुस्त, दुरुस्त हुन नसकेको जनगुनासो अघि आएकाले सामाजिक परीक्षणको अवधारणा अगाडि सारिएको हो ।

सामाजिक परीक्षणले विद्यालय सञ्चालनमा अभिभावकको सहभागिता बढाउनका लागि के कस्तो भूमिका निर्वाह गर्न सकेको छ ? विद्यालयमा सामाजिक परीक्षणको कार्यान्वयनमा के कस्तो अवस्था छ ? विद्यालयको सर्वाङ्गीण पक्षको सुधारमा सामाजिक परीक्षणले के, कस्तो भूमिका निर्वाह गरेको छ ? सामाजिक परीक्षणमा वि.व्य.स. र शि.अ.स. को भूमिका कस्तो रहेको छ ? भन्ने जस्ता सवालहरू अझसम्म पनि अनुत्तरित नै रहेको विद्यामान अवस्था छ । त्यसैले यस्ता समस्याहरूलाई यस अध्ययनको मुख्य आधारशीला बनाइएको छ ।

सामाजिक परीक्षणलाई विद्यालयमा समस्याको रूपमा लिन थालिएको छ । यसले पनि जनचाहनाको भावनालाई समेटन सकेन । यसको सुरुवात जुन उद्देश्यका लागि गरिएको थियो त्यसो हुन नसकी औपचारिकतामा मात्र सीमित हुन पुगेको देखिन्छ । यसलाई प्रधानाध्यापकले थोपरिएको बोझका रुपमा लिएका छन् भने शिक्षक अभिभावक सङ्घले मर्म नै बुझेको छैन । त्यसैले सामाजिक परीक्षणप्रति सकाराकात्मक धारणाको निर्माण हुन सकेको पाइदैन । विद्यालयप्रतिको घट्दो अभिभावकको चासोलाई वृद्धि गर्ने उपाय ठानिएको सामाजिक परीक्षण आफै समस्याग्रस्त अवस्थामा छ । अतः सामाजिक परीक्षणप्रतिको विश्वासलाई बढावा दिन, विद्यालय समुदायबीचको सम्बन्धलाई बलियो बनाई सिकाइ उपलब्धिमा वृद्धि गर्न तथा विद्यालयको गतिविधिको पारदर्शितालाई छर्लङ्ग बनाउन समाजिक परीक्षणलाई अनुसन्धानको क्षेत्र बनाइएको हो ।

## १.३ अध्ययनको औचित्य

सामुदायिक विद्यालयको काम कारवाही ऐन तथा नियमावली बमोजिम भए, नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गरी अभिभावक, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्ने लक्ष्यसहितको सामाजिक परीक्षण विद्यालयको यथार्थ चित्रण गर्ने साधान हो । यसको माध्यमबाट विद्यालयप्रति बढ्दै गएको जनगुनासो, आर्थिक अपारदर्शिता, गैरजिम्मेवारपूर्ण प्रधानाध्यापक र शिक्षक अभिभावक सङ्घलाई जिम्मेवार बनाई विद्यालयको हित अनुकूल कार्य गर्न मद्दत पुग्ने विश्वास गर्न सकिन्छ । सामाजिक परीक्षणमार्फत सामुदायिक विद्यालयका सरोकारवाला समक्ष पुगी विद्यालयप्रतिको दायित्व बोध हुनेछ ।

सामाजिक परीक्षण वि.व्य.स., प्र.अ., शि.अ. सङ्घको कार्यकुशलता, प्रतिबिम्बन गर्ने माध्यम हो । शिक्षा विकासमा यी तीनै पक्षको सहकार्य हुन सकेमा विद्यालयले प्रगति गर्ने छ । कारखानाको रूपमा रहेको विद्यालयले सक्षम, क्षमतावान्, सिर्जनशील, कर्मठ, उत्पादनशील जनशक्ति उत्पादन गर्न थुप्रै गतिविधि गर्नुपर्छ । ती गतिविधिहरूको पारदर्शिताले विद्यालयप्रति जनआस्था बढ्ने र जनअपेक्षाअनुसार प्राप्ति पनि गर्न सक्छ । विद्यालयलाई यस्तो इमान्दारिताको पाठ सिकाउने माध्यम सामाजक परीक्षणलाई मान्न सकिन्छ ।

विद्यालयमा हुने गतिविधि जस्तैः आर्थिक, शैक्षिक, भौतिक अतिरिक्त क्रियाकलापको वास्तविक अवस्था पहिचान गर्ने समाजिक परीक्षणको स्थिति, लेखाजोखा र प्रभाव विश्लेषण पछि प्राप्त निष्कर्षले जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक समेतलाई आवश्यक पृष्ठपोषण प्रदान गर्न सहयोग पुग्नेछ । यसै गरी विद्यालयको आर्थिक, शैक्षिक उपलब्धि, भौतिक र जिन्सीको अभिलेख समेतको अवस्था पहिचान गर्न र विद्यालयप्रति अभिभावकको संलग्नता र सहभागिता वृद्धि गर्ने उपायहरूको खोजी गर्नसमेत मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि तलका उद्देश्यहरू छनोट गरिएको छ :

१. सामुदायिक विद्यालयमा सामजिक परीक्षणको वर्तमान अवस्थाको पहिचान गर्नु ।

२. सामुदायिक विद्यालमया सामाजिक परीक्षणको प्रभाव विश्लेषण गर्नु ।

३. सामाजिक परीक्षणमा आइपरेका समस्या केलाउनु ।

४. सामाजिक परीक्षणको प्रभावकारी कार्यान्वयनका उपायहरू खोजि गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका लागि छनौट गरिएका उद्देश्य अनुसारको अनुसन्धान कार्यलाई अघि बढाउन निम्नानुसार अनुसन्धानात्मक प्रश्नहरू छनौट गरिएको छ :

क) सामुदायिक विद्यालयमा सामाीजक परीक्षणको वर्तमानअवस्था कस्तो रहेको छ ?

ख) सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको प्रभाव कस्तो परेको  छ ?

ग) सामाजिक परीक्षणको प्रभावकारी कार्यान्वयनका उपायहरू के हुन सक्दछन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई मोरङ जिल्लाको सुकुना स्रोत केन्द्रभित्र सञ्चालित ५८ वटा सामुदायिक विद्यालयहरूमध्ये उच्च माध्यमिक तथा माध्यमिक तहसम्मका कक्षाहरू सञ्चालित ३ वटा विद्यालयको सामाजिक परीक्षणमा केन्द्रित गरिएको छ ।

यो अध्ययन सामाजिक परीक्षणमा मात्र केन्द्रित रहने हुँदा यसको प्रयोग शैक्षिक, आर्थिक, भौतिक तथा सामाीजक सम्बन्ध विकास प्रभावमा सीमित गरिएको छ  ।

यसलाई शैक्षिक वर्ष २०६८, २०६९ सालको ती विद्यालयको गतिविधिभित्र सीमित गरिएको छ । यसबाट प्राप्त निष्कर्षलाई सीमित मात्रामा सामान्यीकरण गर्न सकिनेछ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा

लेखापरीक्षण : विद्यालयमा सञ्चालित गतिविधिको पारदर्शिताका लागि गरिएको मूल्याङ्कन

विकेन्द्रीकरण : केन्द्रिय निकायका अधिकार स्थानीय तहमा हस्तान्तरण गर्नु ।

नियमावली : शिक्षा नियमावली, २०५९ को पाँचौ संशोधन सहित, २०६७ ।

परीक्षण समिति : शिक्षा नियमावलीको दफा १७१ क बमोजिम गठित सामाजिक परीक्षण समिति

सरोकारवाला : सामुदायिक विद्यालयसँग प्रत्यक्ष सम्बन्ध रहेका विद्यालय व्यवस्थान समिति, शि.अ. सङ्घ, अभिभावक, शिक्षक, स्रोतव्यक्ति, जि.शि.का, स्थानीय निकाय ।

सामुदायिक विद्यालय: नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति प्राप्त वा स्वीकृत प्राप्त विद्यालय ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अनुसन्धानको यस अध्ययनमा यस अध्ययनसँग सम्बन्धित साहित्यको पुनरावलोकन जस्तै, शोधपत्र, जर्नल, प्रतिवेदन, लेख, रचना, अध्ययन कार्यलाई मार्ग दर्शन गर्न सैद्धान्तिक खाका जस्तै, विकेन्द्रीकरणको सिद्धान्त, सहभागिता मूलक सिद्धान्तको पुनरावलोकन समेत गरिएको छ । यसैगरी साहित्य र सिद्धान्तको पुनरावलोकनको उपादेयता समेतलाई प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अध्ययन अनुसन्धान कार्यलाई विज्ञान र प्रविधिमा भएको विकास र विस्तारले सरल र सहज बनाउदै विभिन्न चुनौतिहरू खडा गरेको छ । सामाजिक परीक्षण र यसको समुदायमा प्रभाव अध्ययनका लागि यससँग सम्बन्धित साहित्यहरूको पुनरावलोकन यसप्रकार गरिएकोछ :-
लेखापरीक्षण ऐन (२०४८) मा उल्लेख भए अनुसार लेखापरीक्षकले सरकारी सङ्घ संस्था वा कार्यालयको नियमितता, कार्यदक्षता, औचित्य, समेतको विचार गरी स्वीकृत विनियोजित रकम सम्बन्धित शीर्षक अन्तर्गत खर्च भए, नभएको, लेखा राख्दा प्रचलित कानुन बमोजिम राखे, नराखेको, सरकारी सम्पत्तिको लागत दुरूपयोग र अध्यावधिक भए, नभएको, नगदी, जिन्सी र अन्य सरकारी सम्पत्तिको हानी नोक्सानी वा दुरूपयोग भए नभएको परीक्षण गर्नु लेखापरीक्षण हो भनी उल्लेख गरिएको छ ।

यसले कुनै पनि सङ्घसंस्थाको आर्थिक पारदर्शितालाई स्पष्ट गर्ने कार्यतर्फ निर्देशित गरेको देखिन्छ ।

वाग्ले र साथीहरू (२०५३) ले उल्लेख गरेअनुसार हरेक विद्यालयले हरेक शैक्षिक वर्षको लागि बजेट तयार गर्नुपर्छ । यसले मुख्य जिम्मेवार व्यक्ति प्रधानाध्यापक हुने, उनले बजेट तयार गर्दा विद्यालय रहेको समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, विषयविज्ञ, अभिभावक, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी समेतलाई संलग्न गराई व्यापक छलफल र अन्तरक्रिया गर्नुपर्छ । यसरी तयार गरिएको बजेट कार्यान्वयन गर्दा रीतपूर्वक बिल भरपाई र आवश्यक कागजता सहितको अभिलेख तयार गरी वार्षिक रूपमा जिल्ला शिक्षा कार्यालयले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने तथ्यलाई औंल्याएका छन् ।

यसरी विद्यालयमा हुने आर्थिक गतिविधिको अवस्थालाई सरोकारवाला समक्ष पुऱ्याउन सके विद्यालयको शैक्षिक उन्नयन हुने कुरामा जनाधार खडा हुने निश्चित देखिन्छ ।

यसलाई हेर्दा विद्यालयले पनि आफ्नो वार्षिक आर्थिक गतिविधिको पारदर्शिताका लागि लेखापरीक्षण गराउनु पर्ने अनिवार्यता स्पष्ट गरेको छ ।

दाहाल (२०६३) का अनुसार सरकारी निकायमा हुने लेखापरीक्षण वित्तीय र कार्यमूलक गरी २ किसिमका हुने सैद्धान्तिक आधार रहेको र नेपालमा पनि सबैजसो सरकारी अड्डाहरूमा लेखापरीक्षण दुबै किसिमबाट प्रचलन रहेको छ । उनले लेखापरीक्षणको आधार सरकारी सम्पत्तिको हिनामिना, फस्यौट, हानी, नोक्सनी गरेको, असुल उपर गर्नुपर्ने अनियमित भएको प्रमाण कागजात पेस नभएको, जिम्मेवारी पूरा नगरेको, शोधभर्ना नलिएकोजस्ता विषयलाई मुख्य आधार ठानी लेखापरीक्षण हुने गरेको उल्लेख गरेका छन् । उनले सङ्घसंस्थामा आर्थिक अनुशासन, उत्तरदायित्व पूर्ण कारोबार गर्ने जिम्मेवार पदाधिकारी प्रमुखको हो भन्दै कार्यालयको आन्तरिक परीक्षणपछि मात्र बाह्य वा अन्तिम परीक्षण हुनु पर्ने कुरामा जोड दिएका छन् । उनले कार्यालयमा आन्तरिक परीक्षणलाई जोड दिएका छन् ।

आर्थिक कारोबार सञ्चालन गर्ने निकाय वा संस्थाले आय-व्ययको अभिलेखको पारदर्शितामा ध्यान दिन सके संस्थाप्रति जनविश्वासको भावना जागृत हुने देखिन्छ । त्यसका लागि आन्तरिक लेखापरीक्षणलाई सुदृढ गर्दै लैजानु पर्ने आवश्यकता छ ।

तामाङ(२०६६) ले उल्लेख गरेअनुसार सामुदायिक विद्यालयहरूमा हुने आर्थिक कारोबार अनियमितता हुने क्रम घट्दै गएको, आय र व्ययको हिसाबकिताब एकहोरो लेखाप्रणालीबाट क्रमशः दोहोरो लेखाप्रणालीतर्फ उन्मुख हुँदै गएको, सामाजिक परीक्षण समितिले परीक्षण पश्चात दिएको सल्लाह र सुझावहरूलाई बेवास्ता गर्ने चलनको अन्त्य हुँदै क्रमशः कार्यान्वयन तर्फ तत्परता देखाउन थालेको जस्ता तथ्यहरू उल्लेख गरेका छन् । उनले आफ्नो शोधपत्रको तयारीका क्रममा विद्यालयमा सरोकारवाला पक्षहरू विद्यालयप्रति सचेत र जागरुक हुन थालेको, विद्यालयको आर्थिक कारोबार स्वयम् प्र.अ.ले मात्र हेर्दै आएकोमा लेखापालको व्यवस्था गरेर लेखा राख्ने सम्पूर्ण जिम्मा लेखापललाई नै दिई आफू सदस्यसचिवको भूमिकामा रहन चाहेको जस्ता कार्यहरू हुन थालेको औँल्याएका छन् । उनले प्रतिवेदनको निष्कर्षमा सामाजिक परीक्षणको प्रभावकारिता उत्कृष्ट नभए पनि सामान्य रहेको, विद्यालयका गतिविधि र क्रियाकलापमा सरोकारवालहरूको सहभागिता र संलग्नता बढ्न थालेको, परम्परागत शैलीलाई परिवर्तन गर्दै सामाजिक माग र चाहना अनुसार ऐन नियमका परिधिभित्र रही क्रमशः विद्यालयको कामकारवाही हुने गरेको जस्ता तथ्यलाई उठाएका छन् ।

सामाजिक परीक्षणको भावनालाई बुझी इमान्दारी र सक्रियता साथ कार्यान्वयन गर्ने हो भने निश्चिय पनि सामुदायिक विद्यालयमा अभिभावक तथा सरोकारवालाहरूको उल्लेखनीय रूपमा सहभागितामा वृद्धि भई विद्यालयको शैक्षिक गुणस्तर, भौतिक वातावरणमा सुधार र समुदायसँगको सम्बन्ध सुदृढ हुने देखिन्छ ।

डाँगी (२०६८) ले उल्लेख गरेअनुसार सामुदायिक विद्यालय सञ्चालनमा प्रधानाध्यापकको महत्वपूर्ण स्थान रहन्छ । उनी विद्यालयका शैक्षिक योजनाकार, व्यवस्थापक र लेखापाल पनि हुन् । विद्यालयका हरेक गतिविधिमा उनको स्थान अग्र भागमा रहन्छ । त्यसैले विद्यालयका गतिविधिको सामाजिक परीक्षण गराई सोको राय, सललाह, सुझावलाई कार्यान्वयन तहसम्म लैजाने जिम्मेवार व्यक्ति प्र.अ. नै हुन् । अनुसन्धानकर्ताले आफ्नो शोधपत्रको निष्कर्षमा सामाजिक परीक्षणमार्फत विद्यालमया सुधारका सङ्केतको सुरुवात भएको, प्र.अ.ले सरोकारवालासँग समन्वय गरी काम गर्नुपर्छ भन्ने धारणाको विकास भएको छ । विद्यालयमा प्राप्त सरकारी वा गैरसरकारी सङ्घसंस्थाबाट प्राप्त नगद र जिन्सी अनुदान एवम् खर्चको व्यवस्थित र वैज्ञानिक ढङ्गले अभिलेख र हिसाबकिताब राख्नुपर्ने धारणाको विकास सामाीजक परीक्षणले गराएको तथ्यलाई उल्लेख गरेका छन् । यसैगरी विद्यालयका अभिभावक, सरोकारवालहरूले हेर्न चाहेको अवस्थामा देखाउनु पर्ने धारणासमेत विकासित हुँदै गएको देखाइएको छ । विद्यालयका गतिविधि र क्रियाकलापको केन्द्रविन्दु आर्थिक पक्ष र त्यसमा खर्च गर्ने तौरतरिका नै हुन् । त्यसको मूल्याङ्कन गरी सरोकारवालासमक्ष वास्तविक अवस्थाको चित्रण गर्ने माध्यम सामाजिक परीक्षण नै हो । शोधकर्ताले नमुना विद्यालयमा इमान्दारिता, उत्तरदायित्व बढदै गएको विचारलाई उल्लेख गरेका छन् ।

विद्यालयको समुन्नत विकास र प्रगतिमा त्यसका सरोकारवाला पक्षहरूको व्यापक सहभागिता र उपस्थितिको आवश्यकता पर्दछ । यसका विद्यालयको आफ्नो कामकारवाही मार्फत उनीहरूको ध्यानाकर्षण गराउन सक्नुपर्छ । सामाजिक परीक्षण यसका लागि एउटा माध्यम बन्न सक्ने हुनाले प्रधानाध्यापकले यसको नेतृत्व गर्नुपर्ने हुन्छ ।

राई (२०६९) का अनुसार विद्यालय धेरैजसो सरोकारवालाहरूलाई सामाजिक परीक्षणको अवधारणा नै थाहा नभएको तथा विद्यालयका आर्थिक हिसाबकिताब प्र.अ. आफैँले अभिलेखीकरण गर्नेगरेको तथ्यलाई औँल्याएका छन् । उनका अनुसार प्रायः जसो विद्यालयमा सामाजिक परीक्षणलाई औपचारिकतामा सीमित गरी प्रधानाध्यापकले अपारदर्शितालाई पुनः फैलाउँदै लैजान थालेको तथ्य बताएका छन् । अनुसन्धानकर्ताले शोधपत्रको निष्कर्षमा सामाजिक परीक्षण प्रतिवेदन कमै मात्रमा सार्वजनिक हुने गरेको, शिक्षक अभिभावक सङ्घले क्रमशः विद्यालयका क्रियाकलापमा चासो

बढाउँदै लगेको परीक्षणप्रतिवेदनको भावना र मर्मको महत्व सरोकारावालाहरूले बुझ्न थालेको हुँदा यसलाई अझ बढाउँदै लैजान सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेजस्ता विषयलाई उठाएका छन् । शोधकर्ताले समाजिक परीक्षणप्रति लगाव र झुकाव बढेतापनि यसको सफल कार्यान्वयन अझसम्म पनि हुन नसकेको तर्फ ध्यानकर्षक गराएका छन् ।

कुनै पनि कार्यक्रम सफल हुन त्यसको अनुगमन र सुपरिवेक्षणको स्थान महत्वपूर्ण हुन्छ । ऐन तथा नियमावली अनि निर्देशिका निर्माण गरेकै भरमा सफलताको कसी बन्ने चलनलाई अन्त्य गर्दै त्यसको कार्यान्वयनतर्फ जोड दिई तालुक निकायको ध्यानकेन्द्रित हुनसके सामाजिक परीक्षण मार्फत विद्यालयको समुन्नत विकास गराउन सकिने देखिन्छ ।

पण्डित (२०६९) का अनुसार विद्यालय समुदायबीचको सम्बन्ध सुमधुर र प्रगाढ बनाउनका लागि विद्यालयका सबै पक्षको वास्तविक अवस्था पहिचान गरी अभिभावकसमक्ष छलफल तथा पारदर्शी गर्ने सम्बन्धमा सकारात्मक परीक्षण भएको तर कार्य गर्न नसकेको तथ्यलाई देखाएका छन् । उनले कतिपय विद्यालयमा सामाजिक परीक्षण समिति निर्माण हुन नसकेको र कतिपयमा यस सम्बन्धमा वास्तविकता जानकारी नै नभएको विवरण उल्लेख गरका छन् । यस्तै समिति संलग्न हुनु पर्नेमा संलग्न नभएको, समितिले वास्तविक कार्य गर्न नसकेको, औपचारिकतामा सीमित भई प्रतिवेदन तयार गर्ने गरेको कुरा समेत प्रस्तुत गरेका छन् । शोधकर्ताले कतिपय स्थानमा सामाजिक परीक्षण कै प्रभावहीनताका कारणले विद्यालय र समुदायबीचको सम्बन्धमा गडबडी उत्पन्न भएको विषय समेतलाई औंल्याएका छन्, जसले विद्यालयको प्रगति र विकासमा नकारात्मक प्रभाव पारेको देखिन्छ । अनुसन्धानकर्ताले आफ्नो शोधपत्र तयारीको निष्कर्षमा सामाजिक परीक्षणको सकारात्मक प्रभावबाट आपसी सम्बन्ध बढाई विद्यालयको सर्वोपरि उन्नति गराउन सकिने, विद्यालय-समुदायको सम्बन्ध विकासमा सामाजिक परीक्षणको प्रभावकारितालाई व्यवस्थित बनाउन सकिने, सरोकारावालको क्षमता वृद्धि गर्न तालिम र गोष्ठी सञ्चालन गरिनुपर्नेजस्ता विषयलाई समेत आँल्याएका छन् ।

यसरी हेर्दा सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको प्रभाव मिश्रित (सकारात्मक वा नकारात्मक) परेको छ । सामाजिक परीक्षणकै माध्यमबाट विद्यालयमा जनसहभागिता वृद्धि गराई विद्यालयहरूको समुन्नत विकास र प्रगति गराउन सकिन्छ । शैक्षिक विकेन्द्रीकरणको नीति अनुरुप विद्यालयमा अभिभावकको सहभागिता बढाई उनीहरूकै चाहना अनुरूपको कार्ययोजना बनाई विद्यालयको स्थिति सुधार गर्न सामाजिक परीक्षण उत्तम विकल्पको रूपमा लिन सकिन्छ ।

शिक्षा विभाग (२०६३) ले नेपालका सामुदायिक विद्यालयहरूको आर्थिक अवस्था सरकारी अनुदान, स्थानीय सरकारबाट प्राप्त चन्दा, अभिभावकबाट प्राप्त चन्दा, अन्य सङ्घसंस्थाहरूबाट सहयोग तथा विद्यालयको निजी सम्पत्ति बेचविखन गरी प्राप्त रकम विद्यालयको प्रमुख आय स्रोत ठानेको छ । शिक्षक, कर्मचारी तलब, भत्ता, फर्निचर, भौतिक सुदृढीकरण लगायत शीर्षकमा हुने खर्चको विवरण राख्ने, राख्न लगाउने प्रमुख जिम्मेवार व्यक्ति प्र.अ. हुन् । उनले प्रचलित ऐन, नियमको परिधिभित्र रही जनचाहना अनुरूपको कार्य गर्नका लागि आर्थिक व्यवस्थापनलाई पारदर्शी बनाउनु पर्ने हुन्छ तर धेरैजसो विद्यालयमा त्यसो नहुँदा आर्थिक अनियमितता, गडबडी, जनविश्वासमा ह्रास जस्ता तथ्यलाई देखाइएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अध्ययनको सैद्धान्तिक खाकाको रूपमा पौल (१९३७) विकेन्द्रीकरणको सिद्धान्त र उग्लस म्याकग्रेगरको सिद्धान्तलाई उपयोग गरिएको छ । सामाजिक परीक्षण गर्ने कार्य शैक्षिक विकेन्द्रीकरणको नियम र काम गर्ने व्यक्तिलाई उत्प्रेरणा जगाउने कार्यसँग सम्बन्धित भएकाले अध्ययन कार्यलाई मार्गदर्शनका लागि सैद्धान्तिक ढाँचाको रूपमा यी दुवै सिद्धान्तलाई छनौट गरिएको छ ।

पौल (१९३७) ले उल्लेख गरेअनुसार केन्द्रमा एकीकृत भएका अधिकारलाई तल्लो तहसम्म निरुपण गर्नु विकेन्द्रीकरणको मूल मर्म हो । उनले शैक्षिक योजनाको निर्माणदेखि स्थानीय स्रोत साधनको परिचालनसम्मका सम्पूर्ण व्यावस्थापकीय जिम्मेवारी समुदायलाई सुम्पदा शैक्षिक सहभागिता र गुणस्तर अभिवृद्धि हुन जान्छ । विकेन्द्रीकरणले तल्लो निकाय वा अधिकारीले स्वतन्त्रपूर्वक विद्यमान कानुनी दायराभित्र रही योजना बनाउन, निर्णय गर्न, कार्यान्वयन गर्न नीति निर्माण गर्ने, मूल्याङ्कन र अनुगमन गर्न समेत पाउछ । यसले गर्दा विद्यालयमा शैक्षिक प्रशासन, व्यवस्थापन, शिक्षक, पाठयक्रम तथा पाठ्यपुस्तक निर्माण, नीजि तथा गैरसरकारी क्षेत्रको साझेदारी जस्ता क्षेत्रमा उल्लेख्य सहयोग पुग्दछ । सिद्धान्तकारका अनुसार कुनै पनि कार्य सञ्चालन गर्ने निकाय केन्द्रबाट मात्र नभई स्थानीय स्तरबाट समेत सम्पन्न गर्ने गराउने वा त्यसको अधिकार हस्तान्तरण गर्ने कार्य विकेन्द्रीकरण भित्र पर्दछ तर यस क्षेत्रमा देखिएका कानुनी बाधाअड्चन, स्थानीय, निकायको सक्षमताको अभाव, राजनीतिक, प्रतिबद्धताको अभाव, उत्तरदायित्व र कर्तव्यनिष्ठ नहुने समस्याहरूले शैक्षिक विकेन्द्रीकरण अनुसार कार्य हुन नसकेको देखिन्छ (कोइराला, २०६२बाट उद्धृत) ।

म्याकग्रेगर (१९६४)ले उल्लेख गरेअनुसार सङ्गठनमा मानवीय सम्बन्ध व्यवहार पहिल्याउन X र Y सिद्धान्तको प्रतिपादन गर्दै कुनै पनि निकायमा वैज्ञानिक व्यवस्थापन र मानवीय सम्बन्ध एक अर्कोमा परिपूरक अवस्थामा रहेका हुन्छन् । जुनसुकै व्यवस्थापकका लागि यी दवै सिद्धान्त उपयोगी हुने भन्दै कामदारले सकेसम्म काम गर्न नचाहने, काम छाड्ने प्रवृति देखाउँछ यसका लागि सङ्गठनको लक्ष्य प्राप्तिका लागि व्यवस्थापनको तिनीहरूलाई नियन्त्रण, निर्देशन गर्नुपर्छ । करकापमा पारी काम लगाउनुपर्छ तर यसका लागि सुरक्षित भएको महसुस भने कर्मचारीलाई दिलाउनुपर्छ । त्यसैगरी उनीहरूको उच्च महत्वकाङ्क्षालाई ध्यान दिई उत्प्रेरणा प्रदान गर्नुपर्छ । सिद्धान्तकारले उल्लेख गरेअनुसार X सिद्धान्तले मानिसलाई कामप्रति उप्रेरित गर्ने, व्यक्तिगत पुरस्कारको आशा राख्ने, आन्तरिक रूपमा मानिस उत्प्रेरित हुनुपर्ने देखिन्छ (के.सी, २०५७ बाट उद्धृत) ।

## २.३ पुनरावलोकनको उपादेयता

अनुसन्धान कार्यलाई अघि बढाउन सम्बन्धित साहित्य र सैद्धान्तिक खाकाको पुनरावलोकनले यस अध्ययनलाई सैद्धीान्तक खाका प्रदान गर्न सहयोग पुऱ्याएको छ । त्यसैगरी सङ्कलित तथ्याङ्कलाई व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्न मद्दत गरेको छ । यस अध्ययनमा गरिएको साहित्यको पुनरावलोकनबाट सामुदायिक विद्यालयको सामाजिक परीक्षणमा देखिएको अन्तरलाई औंल्याउन मद्दत पुगेको छ । त्यस्तै गरेर अध्ययनकार्यलाई निर्दिष्ट मार्गदर्शन गर्न, अध्ययनलाई पूर्णता दिन योगदान दिएको, अध्ययनको विषयवस्तु र पुनरावलोकन गरिएको साहित्य बीच तादात्म्यता स्थापना गर्न मद्दत पुगेको छ । यसले सामाजिक परीक्षणमा संलग्न व्यक्तिलाई उत्साहित गराउनाले जनसहभागिता वृद्धि हुन गई विद्यालयको सम्पादन गरेको कार्यलाई पारदर्शी बनाउन सहयोग पुगेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस अध्ययनमा अनुसन्धान कार्यलाई अगाडि बढाउन आवश्यक अध्ययनका विधिहरूको चर्चा गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययनको प्रकृति अनुसार छनौट गरिएका उद्देश्यहरू परिपूर्तिका लागि अनुसन्धानको ढाँचा गुणात्मक र परिमाणात्मक दुवै ढाँचालाई नै छनौट गरिएको छ ।

## ३.२ जनसङ्ख्या

यो अध्ययन कार्यलाई पूरा गर्नका लागि सीमित गरेको क्षेत्र मोरङ जिल्लाको सुकुना स्रोतकेन्द्रभित्र सञ्चालित सामुदायिक उच्च माध्यमिक विद्यालय, कार्यरत प्रधानाध्यापक , शिक्षक, अध्ययनरत विद्यार्थी लगायत विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक सङ्घका पदाधिकारी, अभिभावक तथा स्रोतव्यक्ति र जिल्लामा शिक्षा कार्यालय समेतलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनौट प्रक्रिया

जनसङ्ख्याको रूपमा छनौट भएका विद्यालयहरूमध्येबाट नमुनाको आकार नमुना छनौट विधि यसप्रकार निर्धारण गरिएको छ ।

क) नमुनाको आकार

यस अध्ययन कार्यलाई अघि बढाउनका लागि देहाय अनुसारको नमुनाको आधार निर्धारण गरिएको छ :

तालिका १ : नमुनाको आकार

| विद्यालय/विवरण | प्रधानाध्यापक | वि.व्य.स. पदाधिकारी | शिक्षक | स्रोतव्यक्ति | सामाजिक परीक्षण समितिका पदाधिकारी |
|---|---|---|---|---|---|
| सुकुना उ.मा.वि. | १ जना | २ जना | २ जना | १ जना | २ |
| कबीर मा.वि. | १ जना | २ जना | २ जना | | २ |
| शिक्षा निकेतन मा.वि. | १ जना | २ जना | २ जना | | २ |
| जम्मा | ३जना | ६ जना | ६ जना | १ जना | ६ |

ख) नमुना छनौट विधि

यस अध्ययनलाई आवश्यक पर्ने नमुनाको छनौट गर्दा वि.व्य.स. अध्यक्ष, विद्यालय पदाधिकारी, अभिभावक, समाजिक परीक्षण समितिका अध्यक्ष र शिक्षकको छनौटका लागि उद्देश्यमूलक नमुना छनौट विधि प्रयोग गरिएको छ भने प्रधानाध्यापक र स्रोतव्यक्ति स्वतः छनौटमा परेका छन् ।

ग) नमुना छनौटको अधार

अध्ययन कार्यलाई वस्तुनिष्ठ, तथ्यपरक, विश्वसनीय र वैध बनाउनका लागि नमुना छनौट गर्दा भौगोलिक क्षेत्र, तहगत अवस्था, सूचना प्राप्तिको विश्वासिलो आधार, समावेशी, यातायातको सुविधा, आर्थिक मित व्ययिता, आफ्नो कार्य क्षेत्र स्थाल समेतलाई नमुना छनौटको आधार मानिएको छ ।

## ३.४ अनुसन्धानका साधनहरू

यस अध्ययन कार्यलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि निम्नानुसारका साधनको निर्माण र छनौट गरिएको छ :

क) अन्तर्वार्ता सूची

उत्तरदाता र प्रश्नकर्ता आमुन्नेसामुन्ने भएर मौखिक रूपमा विचारको आदनप्रदान गरी सूचनाको सङ्कलन गरिने विधि अन्तर्वार्ता हो (खनाल, २०६०) । यस अध्ययनका लागि नमुनाको छनोटभित्र परेका प्रधानाध्यापक, पदाधिकारी, अभिभावक  समेतलाई अन्तर्वार्ता सूची प्रयाग गरी सूचना सङ्कलन गरिएको छ । जसको विस्तृत विवरण अनुसूची १,२,३ मा देखाइएको छ ।

ख) लक्ष्यित समूह छलफल निर्देशिका

यस अध्ययनका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क सङ्कलन गर्नका लागि लक्षित समूह छलफल निर्देशिकाको प्रयोग गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । जसको विवरण अनुसूचि ६ मा देखाइएको छ ।

ग) अवलोकन फाराम

अध्ययनका लागि आवश्यक पर्ने कतिपय तथ्याङ्कहरू अभिलेखबाट पनि सङ्कलन गरिएको छ । यसका लागि विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन, निर्णय पुस्तिका, आर्थिक अभिलेख, अन्य कामकारवाहीको अभिलेखीकरण समेतलाई आधार बनाई सूचना सङ्कलन गरिएको छ । जसको विवरण अनुसूची ७ मा प्रस्तुत गरिएको छ ।

## ३.५ तथ्याङ्कका स्रोतहरू

अध्ययनमा आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन प्राथमिक र द्वितीय दुवै खाले स्रोतबाट सङ्कलन गरिएको छ ।

क) प्राथमिक स्रोत

अन्तर्वार्ता सूची, लक्षित समूह छलफल निर्देशिकाको प्रयोग गरी सङ्कलन गरिएका तथ्याङ्कलाई प्राथमिक स्रोतको रूपमा राखिएको छ ।  यसको प्रयोग प्र.अ., वि.व्य.स. र सामाजिक परीक्षण समितिका पदाधिकारी तथा स्रोतव्यक्तिसँग अन्तर्वार्ता तथा छलफल गर्न प्रयोग गरिएको छ ।

ख) द्वितीय स्रोत

सामाजिक परीक्षणको अवस्था अध्ययनका लागि विद्यालयमा रहेको अभिलेख, परीक्षण प्रतिवेदन र अन्य सङ्कलित सूचना द्वितीय स्रोतअन्तर्गत राखिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलन विधि अनुसन्धानकर्ता प्रश्नावली, अन्तर्वार्ता र अभिलेख अध्ययनजस्ता साधनको प्रयोग गरी नमुनाक्षेत्र स्थलमा पुगी सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

यसमा स्थलगत सङ्कलन गरिएका तथ्याङ्कलाई प्रस्तावमा तयार पारिएको उद्देश्यानुसार क्रमशः छुट्टाछुट्टै तालिकीकरण गरी उपयुक्त  शीर्षक, उप-शीर्षकको चयन गर्दै प्रस्तुतीकरण गरिएको छ । त्यसैगरी तथ्याङ्कलाई साहित्य र सिद्धान्तसँग जोड्दै तथ्यपरक, वस्तुनिष्ठ, विश्लेषणका लागि प्रतिशत, चित्रात्मक तालिका समेतको सहयोगले परिमाणात्मक र गुणात्मक ढाँचाको प्रयोग गरी विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

अनुसन्धानको यस भागमा स्थलगत रूपमा सङ्कलन गरिएका तथ्याङ्कलाई स्पष्ट ढङ्गबाट विभिन्न शीर्षक, उप-शीर्षकमा उद्देश्यअनुसार विभाजन गरी प्रस्तुतीकरण गर्दै व्याख्या र विश्लेषण गरिएको छ। प्रस्तावनामा उल्लेख गरिएको उद्देश्यअनुसार प्राप्त तथ्याङ्कलाई गुणात्मक र परिमाणात्मक ढाँचाको प्रयोग गर्दै पुनरावलोकित साहित्य र सैद्धान्तिक ढाँचाको उपयोगबाट तथ्यङ्कलाई विश्लेषण गर्दै निष्कर्षमा पुऱ्याउने काम गरिएको छ। त्यसैगरी यस अनुसन्धनमा सामुदायिक विद्यालयमा हुने सामाजिक परीक्षणमा सम्बन्धित पक्षहरू शिक्षक, अभिभावक सङ्घ, वि.व्य.स. पदाधिकारी, प्र.अ., शिक्षक, स्रोतव्यक्ति समेतको विचारका आधारमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ।

## ४.१ सामाजिक परीक्षणको वर्तमान अवस्था

नेपाल सरकारबाट नियमित रूपमा अनुदान प्राप्त गर्ने गरी स्वीकृति वा अनुमति प्राप्त सामुदायिक विद्यालयमा वार्षिक स्वीकृति वा अनुमति प्राप्त सामुदायिक विद्यालयमा वार्षिक रुपमा सम्पन्न कार्यहरूको पारदार्शिताका लागि सामाजिक परीक्षण गरिने व्यवस्था शिक्षा नियमावली २०५९ को नियम १७१ मा व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयमा यससम्बन्धी गरिएका कार्यहरूको विद्यमान अवस्थाका सम्बन्धमा गरिएको अनुसन्धानमा प्राप्त तथ्याङ्कहरूलाई विभिन्न उपशीर्षकमा विभाजन गरी देहायअनुसार प्रस्तुत गरिएको छ।

### ४.१.१ सामाजिक परीक्षणको जानकारी

सामुदायिक विद्यालयमा एक शैक्षिक सत्रभरि सम्पन्न गरिएका कार्य विवरणको सामाजिक परीक्षण गराउने प्रमुख दायित्व विद्यालयका प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समितिको रहेको हुन्छ। सामाजिक परीक्षण गराई त्यसलाई सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नुपर्दछ। यससम्बन्धी स्पष्ट जानकारी, ज्ञान हासिल गर्नु उनीहरूको प्रमुख दायित्व भित्र पर्दछ। अनुसन्धानको क्रममा गरिएको नमुना विद्यालयहरूमा सामाजिक परीक्षणका सम्बन्धमा प्राप्त जानकारीलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १ : सामाजिक परीक्षण सम्बन्धी जानकारी

| क.स. | सरोकारवाला | छनौट गरिएको सङ्ख्या | जानकारी नभएका | | अलिअलि जानकारी भएका | | जानकारी भएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | वि.व्य.स. पदाधिकारी | ९ (३×३) | १ | ११ | ३ | ३३ | ५ | ५६ |
| २ | शि.अ.सं. पदाधिकारी | ९ (३×३) | ४ | ४५ | २ | २२ | ३ | ३३ |
| ३ | अभिभावक | ९ (३×३) | ५ | ५६ | २ | २२ | २ | २२ |
| ४ | शिक्षक | ९ (३×३) | - | - | ३ | ३३ | ६ | ६७ |
| ५ | प्र.अ. | ३ (१×३) | - | - | - | - | ३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

नोट : हरेक विद्यालयबाट ३/३ जनाका दरले सरोकारवालाको छनौट गरिएको छ ।

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयमा गरिने सामाजिक परीक्षणको जानकारी सरोकारवाला पक्षहरूमध्ये वि.व्य.स. पदाधिकारीहरू ५६ प्रतिशत, शिक्षक अभिभावक सङ्घका पदाधिकारीमध्ये ३३ प्रतिशत विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावकमध्ये २२ प्रतिशत, विद्यालयमा अध्यापनरत शिक्षकहरू मध्ये ६७ प्रतिशत र प्रधानाध्यापकहरू सबै सतप्रतिशत अर्थात् १०० प्रतिशतलाई नै जानकारी भएको तथ्याङ्क देखियो ।

यसरी हेर्दा सामाजिक परीक्षणका सरोकारवाला पक्षहरूलाई सरदर ५७ प्रतिशतलाई मात्र जानकारी भएको तथ्याङक पाइयो । यसवेला म्याकग्रेगरले उल्लेख गरेको मानवीय सम्बन्ध व्यवहारको सिद्धान्तलाई ध्यान दिई सङ्गठनभित्र काम गर्ने सरोकारवाला पक्षहरूका बीचमा प्रभावकारी सूचना तथा समन्वय हुनुपर्ने देखिन्छ । यसका लागि अभिमुखीकरण, तालिम गोष्ठि, सेमिनार, छलफल चलाउनुपर्ने हुन्छ । यसैगरी सरोकारवाला पक्षकाबीचमा समेत सामाजिक परीक्षणलाई सूचित गर्नुपर्ने हुन्छ ।

### ४.१.२ सामाजिक परीक्षण समितिको गठन

सामुदायिक विद्यालयका सम्पूर्ण गतिविधिहरूमा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता रहनुपर्ने र सरोकारवालाको प्रत्यक्ष सहभागितामा विद्यालयका गतिविधिहरूको समुचित परीक्षण

गर्नुपर्ने मान्यता अनुसार शिक्षा नियमावली, २०५९ को नियम १७१ (क) मा सामाजिक परीक्षण गर्ने व्यवस्था भए अनुरूप यस कार्यलाई व्यवस्थित गर्नका लागि आवश्यकतानुसार ९ जनासम्मको प्रतिनिधित्व गराई सामाजिक परीक्षण समिति गठन हुने प्रावधान रहेको छ। नमुना विद्यालयमा सामाजिक परीक्षण समितिको गठन अवस्था यस प्रकार रहेको पाइयो :

तालिका २ : सामाजिक परीक्षण समितिको गठन

| क.स. | विद्यालय | निर्माण भएको | निर्माण नभएको | निर्माण प्रक्रिया |
|---|---|---|---|---|
| १. | सुकुना उ.मा.वि. | भएको | - | - सरोकारवालको सहभागितामा<br>- समितिका पदाधिकारीको सहभागितामा |
| ३ | शिक्षा निकेतन मा.वि. | भएको | - | - सरोकारवालको सहभागितामा<br>- समितिका पदाधिकारीको सहभागितामा |
| ३ | कबीर मा.वि. | भएको | - | - सरोकारवालको सहभागितामा<br>- समितिका पदाधिकारीको सहभागितामा |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

तालिका दुईलाई विश्लेषण गर्दा नमुना छनौटमा परेका तीनवटै विद्यालयमा समितिको निर्माण हुने गरेको देखिन्छ। यसलाई गणितीय भाषामा व्यक्त गर्दा १०० प्रतिशत विद्यालयमा नै समितिको निर्माण हुने गरेको तथ्याङ्क पाइयो। समिति निर्माण गर्दा विद्यालयहरूको सामाजिक परीक्षणसम्बन्धी निर्देशिका २०६५ को नियम ३ को उप-नियम २ बमोजिम नै समितिमा

प्रतिनिधित्व गराई गठन गर्ने प्रावधानको पालना गरेको तथ्याङक समेत विद्यालय अभिलेखबाट प्रस्ट हुन्छ । यसबाट खतिवडा, (२०६६) ले उल्लेख गरे जस्तो सामाजिक परीक्षण समितिको गठन गर्दा सरोकारवाला पक्षहरूको प्रतिनिधित्व भएको देखिन्छ । यसरी हेर्दा सामाजिक परीक्षण समितिको गठन निर्देशिका बमोजिम हुने गरेको देखिन्छ ।

### ४.१.३ सामाजिक परीक्षण प्रतिवेदनको सार्वजनिक करण

विद्यालयहरूको सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका २०६५ मा उल्लेख भए अनुसार शिक्षक अभिभावक सङ्घका अध्यक्षको संयोजकत्वमा गठित समितिले अघिल्लो आर्थिक वर्षको सामाजिक परीक्षण भाद्र मसान्तभित्र गराई सम्पन्न गरी कार्यको प्रतिवेदन तयार पारी उक्त प्रतिवेदनमाथि सरोकारवालाको भेला छलफलका लागि प्रस्तुत गर्नु पर्ने प्रावधान रहेको छ । यसको वास्तविक पहिचानका लागि अनुसन्धानकर्ताले छनौट गरेको सूचना सङ्कलनका साधनहरू प्रश्नावली र विद्यालयको अभिलेखबाट प्राप्त तथ्य/तथ्याङ्कलाई आधार मानी देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ : प्रतिवेदन सार्वजनिकीकरण अवस्था

| कार्य विवरण | सुकुना उ.मा.वि. | शिक्षा निकेतन मा.वि. | कबीर मा.वि. |
|---|---|---|---|
| गर्छ / गर्दैन / थाहा छैन | - सरोकारावालासग छलफल हुने<br>- छलफलबाट उठेका सकारात्मक कुरालाई प्रतिवेदनमा समावेश गरिने<br>- अन्तिम प्रतिवेदन तयार हुने | - प्रतिवेदन प्रस्तुत गरिने भए तापनि सहभागिता ज्यादै न्यून हुने | -प्रतिवेदन प्रस्तुत गरिने भनिए तापनि सरोकारवालाको अनुपस्थिति रहने |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

तालिका तीनलाई विश्लेषण गर्दा नमुना छनोटमा परेका विद्यालयमा सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिकीकरण गर्ने कार्य सबै १०० प्रतिशत विद्यालयबाटै हुने गरेको देखिन्छ । खासगरी

विद्यालयहरूले सरोकारवालाकै उपस्थितिमा प्रतिवेदन सार्वजनिक गर्ने भनिए तापनि सरोकारवालाको कम सक्रियता/ उपस्थितिका कारणले औपचारिकतामा नै सीमित हुने गरेको तथ्य पाइयो । यतिबेला पौल (१९३७) को विकेन्द्रीकरण सिद्धान्तले निर्देश गरेअनुसार अधिकार प्रत्यायोजनको भूमिकालाई स्थानीय स्तरसम्म पुऱ्याउन नसकेको वा पुगे पनि सम्बन्धित पक्षबाट उपेक्षा हुने गरेको स्पष्ट हुन्छ । त्यसैगरी दाहाल (२०६३) को शोधमा उल्लेख भएअनुसार यस अध्ययनमा जस्तो समितिबाट प्रस्तुतको सार्वजनिकीकरणमा विद्यालय तयार भए पनि सरोकारवाला पक्ष जागरुक नभएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.१.४ सामाजिक परीक्षणमा सहभागिता

सामुदायिक विद्यालयहरूमा हुने वार्षिक गतिविधिहरूको विवरणको जानकारी विद्यालयका सरोकारवालासम्म पुगोस् र विद्यालयको गतिविधिहरूमा पूर्ण रूपमा पारदर्शिता होस् भन्ने हेतुले गठन हुने समाजिक परीक्षण समिति शिक्षकअभिभावक सङ्घका अध्यक्षको संयोजकत्वमा ५ देखि ७ सदस्यीय बनाउनु पर्ने र आमन्त्रित सदस्यहरूसमेतको उपस्थिति रहनुपर्ने प्रावधान रहेको छ । नमुना छनोटमा परेका विद्यालयहरूको सामाजिक परीक्षण समिति गठन हुँदा सरोकारवाला पक्षहरूको सहभागिताको स्थिति यस प्रकार रहेको पाइयो :

तालिका ४ : सामाजिक परीक्षण समितिमा सदस्यहरूको सहभागिता

| उपस्थिति विवरण | सुकुना उ.मा.वि. | शिक्षा निकेतन मा.वि. | कबीर मा.वि. |
|---|---|---|---|
| शिक्षक अभिभावक सङ्घ | १ | १ | १ |
| अभिभावक | ३ | ३ | ३ |
| चन्दादाता, शिक्षाप्रेमी, बुद्धिजीवी | १ | १ | १ |
| कार्यरत शिक्षक | १ | १ | १ |
| अध्ययनरत माथिल्लो तहका छात्र/छात्रा | २ | २ | २ |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिका चारलाई विश्लेषण गर्दा समाजिक परीक्षण समिति गठन गर्दा विद्यालयहरूले शिक्षक अभिभावक सङ्घका अध्यक्षको संयोजकत्वमा नै गठन गर्ने गरेको पाइयो भने

विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावकमध्येबाट ३ जना, विद्यालयको अभिलेखमा जनिएको चन्दादाता, शिक्षाप्रेमी, बुद्धिजीवीमध्येबाट १ जना, विद्यालयमा अध्यापनरत शिक्षकहरू मध्येबाट १ जना तथा विद्यालयमा माथिल्लो तहमा अध्ययनरत छात्र/छात्राहरूमध्ये जेहेन्दार बालबालिकामध्ये १ जना छात्र र १ जना छात्रा समेतको प्रतिनिधित्व हुने गरी समितिमा सहभागिता रहेको देखिन्छ ।

यसरी हेर्दा विद्यालयहरूको सामाजिक परीक्षण गर्ने सम्बन्धित निर्देशिका (२०६५) ले उल्लेख गरे बमोजिम नै पदाधिकारीहरूको सहभागितामा समिति गठन हुनु सकारात्मक पक्ष हो । यसबाट निर्माण गरिएका नीतिनियमहरूको पालना हुन गई विद्यालयको वास्तविक विवरण सरोकारवाला समक्ष पुग्ने देखिन्छ । यतिबेला वाग्ले र साथीहरू (२०५३) ले उल्लेख गरे जस्तो विद्यालयका सरोकारावाला पक्षहरूको सहभागिताबाट सम्पादन गरिने कार्य पारदर्शी हुने निश्चित देखिन्छ । नमुना विद्यालयमा पनि यस्तो कार्यको सुरुवात भएको पाइन्छ । त्यसैले अनुसन्धनको निष्कर्षको रूपमा सामाजिक परीक्षण समितिमा सरोकारवाला पक्षको सहभागिता हुनुलाई सकारात्मक पक्षका रूपमा लिन सकिन्छ ।

### ४.१.५ सामाजिक परीक्षणमा जवाफदेहिता

विद्यालयले गर्ने वार्षिक कार्यहरूको जवाफदेहिता कसको हुने भन्ने विषयमा सामाजिक परीक्षणले स्पष्ट व्यवस्था गरेको छ । खासगरी विद्यालयमा हुने आर्थिक कारोबार भौतिक तथा जिन्सी समानको खरिदलगायतका विषयमा हुने कार्यहरूको जवाफदेहिता एउटै वा फरकफरक के कस्तो रहेको छ भनी गरिएको अनुसन्धानमा अनुसन्धानका साधनबाट सङ्कलन गरिएको सूचनालाई तल तालिकामा यसरी छुट्टाछुट्टै प्रस्तुत गरिएको छ :

क) विद्यालयको आर्थिक कारोबारमा जवाफदेहिता

विद्यालयमा भएका आर्थिक कारोबारको जवाफदेहिताका सम्बन्धमा प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५ : आर्थिक कारोबारको जवाफदेहिता

| क.स. | जवाफदेहिता | खर्च गर्ने | खर्च प्रमाणित गर्ने | लेखा राख्ने | अनुगमन रेखदेख | व्यवस्थापन |
|---|---|---|---|---|---|---|
| १. | प्रधानाध्यापक | ३ | २ | २ | १ | १ |
| २ | शिक्षक | - | - | | १ | - |
| ३ | वि.व्य.स. अध्यक्ष | २ | १ | २ | ३ | ३ |
| ४. | लेखापाल | १ | - | १ | - | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकालाई विश्लेषण गर्दा विद्यालयमा हुने आर्थिक कारोबारको जवाफदेहिता विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नै हुन्छ भन्ने कुरा पुष्टि हुन्छ । प्र.अ.ले. खर्च गराउने र प्रमाणित गर्ने जावाफदेहितामा जोड दिएको छ भने वि.व्य.स. ले अनुगमन रेखदेख र व्यवस्थापन गर्ने प्रमुख जवाफादेहिता औँल्याएको छ । सामान्यतया विद्यालयमा हुने आर्थिक कारोबारमा लेखा राख्ने प्रमुख जिम्मा लेखापाललाई दिएको हुने तथ्याङ्क समेत तालिकाले पुष्टि गरेको छ । यसरी हेर्दा विद्यालयमा हुने आर्थिक कारोबारमा सबै पक्षको जवाफदेहिता रहेको पाइयो । यति वेला पण्डित (२०६९) ले उल्लेख गरे अनुसार विद्यालयको आर्थिक कारोबारमा विद्यालयका प्र.अ. पदाधिकारी र लेखापालको संयुक्त प्रयास हुने गरेको जसले सामाजिक परीक्षणलाई सहयोग पुग्ने निष्कर्ष निकाल्न सकिन्छ ।

ख) विद्यालयमा भौतिक तथा जिन्सी समानमा जावाफदेहिता

विद्यालयमा रहेको भौतिक तथा जिन्सी सामग्रीको लगत राख्ने तथा राख्न लगाउने मुख्य जिम्मेवारी प्रधानाध्यापकको हो । सामाजिक परीक्षणले विद्यालयमा रहेको भौतिक तथा जिन्सी सामग्री प्रति कस्तो र कसको जिम्मेवारी/ जावाफदेहिता बनाएको छ भन्ने सवालमा नमुना छनौटमा परेका विद्यालयहरूमा गरिएको खोज तथा अनुसन्धानबाट प्राप्त अवस्थालाई निम्नानुसार तालिकामा प्रस्तुती गरिएको छ :

तालिका ६ : विद्यालयमा भौतिक तथा जिन्सी समानमा जावाफदेहिताको अवस्था

| क.स. | जवाफदेही व्यक्ति | सामान खरिद | सामानको भण्डारन व्यवस्थापन | अभिलेखीकरण | अनुगमन |
|---|---|---|---|---|---|
| १ | प्र.अ. /प्राचार्य | सामान खरिदको समिति समक्ष निर्णय प्रास्ताव लैजाने | खरिद भई आएको सामानलाई भण्डारण दाखिला गरी मिलाई राख्न लगाउने | लेखापाललाई अभिलेखीकरण गर्न लगाउने | समय-समय अनुगमन गर्ने |
| २ | वि.व्य.स. पदाधिकारी | प्र.अ.बाट आएको प्रस्ताव उपर छलफल गरी निर्णय गरिदिने | अनुगमन | अभिलेखीकरण खाता गर्न लगाउने | सामानको अनुगमन |
| ३ | शिक्षक | शिक्षक बैठक बसी प्र.अ.लाई राय/ सल्लाहसुझाव दिने | रेखदेख गर्ने | सरसल्लाह दिने | अनुगमन गर्ने |
| ३ | लेखापाल | प्र.अ. र वि.व्य.स.को निर्णयलाई अभिलेखीकरण | सहयोग गर्ने | अभिलेख राख्ने | - |
| | जम्मा | १० | १० | १० | १० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

तालिका छ लाई विश्लेषण गर्दा सामाजक परीक्षणपश्चात् विद्यालयले भौतिक तथा जिन्सी सामग्रीको खरिद, त्यसको भण्डारण/व्यवस्था, अभिलेख तयार गर्ने र सामानको अनुगमन गर्ने सन्दर्भमा सामुहिक जवाफदेहिताको भावना विकसित गरेको पाइन्छ। खास गरी प्र.अ. / वि.व्य.स. पदाधिकारी, शिक्षक र लेखापालनमा उत्तरदायित्वबोध हुन गई आफ्नो भूमिकालाई स्पष्ट गरेको पाइन्छ। जिन्सी सामानको खरिदमा प्र.अ.ले समितिसमक्ष प्रस्ताव लैजाने र समितिका पदाधिकारीहरूले आवश्यक छलफल गरी निर्णय गरिदिँदा कामको बाँडफाँड र विकेन्द्रित शैक्षिक

प्रशासनको नीतिलाई स्वीकार गरेको देखिन्छ। जसका लागि सामाजिक परीक्षण पछि विद्यालयमा विकसित घटनाक्रम हो भन्न सकिन्छ।

### ४.१.६ सामाजिक परीक्षणमा समुदाय

विद्यालय सामुदायको प्रतिनिधित्व गर्ने स्थल हो। जुन विद्यालयमा सञ्चालन गरिने हरेक गतिविधि समुदायको इच्छाअनुसार पारदर्शी हुन्छ, त्यस विद्यालमया सामाजिक परीक्षण पछि जनसहभागिता पनि अत्याधिक नै रहन्छ। नमुनामा परेका विद्यालयप्रति सामुदायको चासो र अवस्थामा गरिएको अध्ययन पछि प्राप्त सूचनाहरूलाई विश्लेषण गर्दा निम्न बमोजिम रहेको पाइयो :

छनोटमा परेका २० जना मध्ये १० जनालाई गरिएको प्रश्न र अन्तर्वार्तामा १जनाले सामाजिक परीक्षणपछि विद्यालयमा जनसहभागितामा वृद्धि भएको १ जनाले ठीकठीकै रहेको र बाँकी ८ जनाले सामाजिक परीक्षण पछि जनसहभागिताको दृष्टिकोणमा सकारात्मक परिर्वतन भएको उत्तम मान्न सकिने धारणा राखेका थिए।

माथिको विवरणबाट सामुदायिक विद्यालयमा सामाजिक परीक्षण गर्न थालेपछि विद्यालयको गतिविधिप्रति सामुदायको साथ सहयोगमा वृद्धि हुन थालेको तर्फ सङ्केत गर्छ। अहिलेको सन्दर्भमा सामाजिक परीक्षणले गर्दा विद्यालयमा जनसभागिता बढ्न थालेको छ भन्नेहरूको सङ्ख्या ८० प्रतिशत देखिन्छ भने सहयोग राम्रो हुनेछ भन्ने सङ्ख्या १० प्रतिशत रहेको छ तथा सामन्य हुनेछ भन्ने सङ्ख्या १० प्रतिशत छ भन्ने कुरा नमुना छनौटमा परेका विद्यालयको स्थलगत सर्वेक्षणले बताएको छ।

विद्यालयमा हुने सामाजिक परीक्षणको मुख्य उद्देश्य नै विद्यालयको गतिविधिमा सहभागिता बढाई सहयोग लिनु हो। विद्यालयको प्रभावकारी सञ्चालनका लागि स्थानीय सरोकारवाला अभिभावकहरूको जनसहभागिता रहनुपर्छ। सामाजिक परीक्षणको प्रभावले जनसहभागिता वृद्धि गर्नुलाई म्याक ग्रेगर (१९६४) को उत्प्रेरणा सिद्धान्तसँग जोडेर हेर्नसकिन्छ। जहाँ प्रोत्साहनले संस्थामा सकारात्मक परिवर्तन गर्न सकिने तर्फ उल्लेख गरेको छ। त्यसैगरी राई (२०६९) ले उल्लेख गरे जस्तो सामाजिक परीक्षण पछि विद्यालयमा जनसहभागिता बढ्नुलाई सकारात्मक रूपमा लिनसकिन्छ। जुन यस अध्ययनले पनि प्रष्ट गरेको छ।

सामुदायिक विद्यालयमा हुने सामाजिक परीक्षणको अवस्था विश्लेषण गर्दा यसको समिति गठन प्रक्रियामा पारदर्शिता, विद्यालयको आर्थिक र भौतिक तथा जिन्सी सामानमा सामुहिक

जवाफदेहिता बढेको, सामाजिक परीक्षणमा सरोकारवाला पक्षको सहभागितामा वृद्धि भएको, समितिबाट प्रस्तुत गरेको प्रतिवेदन सार्वजनिकीकरणमा चासो वृद्धि हुनुलाई यसको सकारात्मक पक्ष मानिन्छ ।

पौल (१९३७) ले उल्लेख गरेअनुसार शैक्षिक विकेन्द्रीकरणको मूल मर्म विद्यालयको विकासमा सरोकारवाला पक्षको सहभागितामा वृद्धि गराउनु हो । जुन सामाजिक परीक्षण मार्फत हुन सकेको यस अध्ययनले स्पष्ट देखाएको छ । त्यसैगरी तामाङ्ग (२०६६) को अध्ययनले पुष्टि गरेअनुसार विद्यालयको विकासमा सामाजिक परीक्षणको सकारात्मक सहयोग पुग्ने निष्कर्ष यस अध्ययनबाट निकाल्न सकिन्छ ।

## ४.२ सामाजिक परीक्षणको प्रभाव

विद्यालयमा भएको वार्षिक कार्यहरूको विवरणलाई अभिभावक वा सरोकारवाला पक्ष समक्ष पुऱ्याउने तथा कार्यहरूको पारदर्शिता, जवाफदेहिता प्रस्तुत गर्ने माध्यमको रूपमा रहेको सामाजिक परीक्षण सामुदायिक विद्यालयको अनिवार्य कार्य हो । शिक्षा नियमावली २०५९ को नियम १७१ (क) मा व्यवस्था भएअनुरूप गठित सामाजिक परीक्षणले आफ्नो कार्य सम्पन्न गरिसकेपछिको अवस्थामा सुधारात्मक पक्षहरू हुनु स्वाभाविकै हो । अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कलाई अध्ययन गरी सामाजिक परीक्षणको प्रभाव निम्न अनुसार क्षेत्रमा परेको देखिन्छ, जसलाई उपशीर्षकमा विभाजन गरी देखाइएको छ :

### ४.२.१ विद्यालयको आर्थिक व्यवस्थापनमा चुस्तता

सामुदायिक विद्यालय नेपाल सरकारबाट नियमित अनुदान र चन्दा,दानदातव्यबाट समुदायको सहयोगमा सञ्चालित विद्यालय हो । जहाँ शिक्षक तथा कर्मचारीको तलबभत्तादेखि विभिन्न मसलन्द खर्च समेत प्र.अ./लेखापालबाट गरिन्छ । विद्यालयमा हुने यस्ता आर्थिक कारोबारको अवस्थामा सामाजिक परीक्षणले पार्न सकेको प्रभावको विश्लेषण गर्न नमुना विद्यालयबाट सङ्कलित तथ्याङ्कहरूलाई तालिमा प्रस्तुत गरिएको छ :

तालिका ७ : विद्यालयको आर्थिक अवस्थामा सुधार

| जिम्मेवार व्यक्ति | पाठ्यपुस्तक खरिद कमिसन | खरिद निर्णय | अभिलेखीकरण | संचयकोष/नागरिक लागनी कोष दाखिला | छात्रवृत्ति वितरण |
|---|---|---|---|---|---|
| प्र.अ./ प्राचार्य | विक्रेताबाट प्राप्त कमिसनलाई आम्दानी जनाई अभिलेख राख्ने | समिति समक्ष निर्णय गराउने | लेखापाललाई भण्डार दाखिला गराई अभिलेख राख्ने | तलबमान वितरणसँगसँगै कोष दाखिला गराउने | बालबालिका, दलित, सीमान्तकृत र जेहेन्दार छात्रछात्राहरूको पहिचान गराई छात्रवृत्ति वितरण |
| वि.व्य.स. | अभिलेखीकरण भए नभएको अनुगमन | प्र.अ.को खरिद सम्बन्धी प्रस्तावलाई छलफल गरी निर्णय | अनुगमन गर्ने | | छात्रवृत्ति पाउनेहरूको विवरण स्वीकृति गरी वितरण गर्न अनुमति दिने |
| लेखापाल | अभिलेखीकरण गर्ने | | प्राप्त सामानको अभिलेखीकरण गर्ने | अभिलेख तयार पारी सम्बन्धित कार्यालयमा दाखिला गर्ने | अभिलेख तयार |

स्रोतःस्थलगत सर्वेक्षण, २०७०

तालिका सातलाई विश्लेषण गर्दा सामाजिक परीक्षण कार्यको थालनी भएपश्चात् विद्यालयको आर्थिक अवस्थामा सुधार आएको देखिन्छ। खासगरी विद्यालयको भौतिक निर्माण गर्दा सामान खरिद प्रक्रिया, त्यसको अभिलेखीकरण विद्यालयमा वितरण हुने छात्रवृत्ति, पाठ्यपुस्तक खरिद कमिसन दाखिलामा सुधार आएको देखिन्छ। विद्यालयको प्रमुख व्यक्ति प्र.अ. जिम्मेवारी भई प्रस्तुत भई दिनाले विद्यालयमा सुधारको सङ्केत देखापरेको हो। यसैगरी विद्यालय व्यवस्थापन समिति पनि

आर्थिक पारदर्शिताका लागि आफ्नो भूमिकालाई स्पष्ट पार्दै लगेको छ। त्यसैगरी लेखापाल पनि आफ्नो कार्य शैलीमा यतिबेला विकेन्द्रीकरणको सिद्धान्तअनुरुप विद्यालयमा काम हुने गरेको देखिन्छ भने दाहाल (२०६३) ले उल्लेख गरे अनुसार विद्यालयको आर्थिक पारदर्शितामा प्रभाव पर्नु सकारात्मक कार्य सामाजिक परीक्षण मार्फत भएको छ।

### ४.२.२ विद्यालयको भौतिक वा जिन्सी सामानको वैज्ञानिक अभिलेखीकरण

सामुदायिक विद्यालयमा रहेको भौतिक वा जिन्सी सामानहरूको वितरणको अवस्थामा सामाजिक परीक्षणले कसरी प्रभावित गरिरहेको छ भन्ने सवालमा गरिएको खोज अनुसन्धानमा नमुना छनोटमा परेका विद्यालय र सरोकारवालाहरूसँग गरिएको प्रश्नावली, अन्तर्वार्ता र छलफलबाट प्राप्त सूचनाहरूलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ८ : विद्यालयको भौतिक तथा जिन्सी सामान

| क.स. | जिम्मेवारी | खरिद गर्ने | अभिलेख | अनुमगन | व्यवस्थापन | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | प्र.अ./ प्राचार्य | ३ | १ | २ | ३ | ९ | ४५ |
| २. | वि.व्य.स. अध्यक्ष | १ | १ | ३ | ३ | ८ | ४० |
| ३. | लेखापाल | १ | १ | - | १ | ३ | १५ |
| | जम्मा | ५ | ३ | ५ | ७ | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ८ लाई विश्लेषण गर्दा विद्यालयमा रहेका भौतिक तथा जिन्सी सामानको सुरक्षा प्रदान गर्ने, खरिद गर्ने र त्यसको व्यवस्थापन समेत गर्ने कार्यको जवाफदेहिता प्र.अ. / प्राचार्य ४५ प्रतिशत रहेको तथ्याङ्क प्राप्त भएको छ भने वि.व्य.स. अध्यक्षको ४० प्रतिशत र लेखापालको २५ प्रतिशत रहेको तथ्याङ्कबाट प्राप्त भएको छ। यसले के स्पष्ट हुन्छ भने सामाजिक परीक्षण पछि विद्यालयहरूमा भौतिक तथा जिन्सी सामग्रीको अभिलेखीकरण, त्यसको व्यवस्थापनमा सकारात्मक परिवर्तवन ल्याएको देखाइएको छ।

तामाङ (२०६६) को अध्ययनले उल्लेख गरे जस्तै विद्यालयमा रहेका सामग्रीको लेखा राख्ने र त्यसको अभिलेखीकरणका लागि प्र.अ./ प्राचार्यले लेखापालको नियुक्ति र जिम्मेवारी दिने गरेको स्पष्ट हुन्छ। शैक्षिक विकेन्द्रीकरणको मूल मर्म पनि त्यही हो, जहाँ काम र अधिकारको समान

प्रत्यायोजन गरिएको हुन्छ । नमुना विद्यालयमा विद्यालयको भौतिक र जिन्सी सामानमा जिम्मेवारी र जवाफदेहिताको स्पष्ट परिभाषित भई लेखापाल र प्र.अ. का कार्यभार तोकिनु सकारात्मक पक्ष हो ।

### ४.२.३ विद्यालयको दैनिक प्रशासनको नियमितता

विद्यालयमा दैनिक प्रशासन सञ्चालन र त्यसको रेखदेख व्यवस्थापन गर्न विद्यालयमा प्र.अ. को व्यवस्था गरिएको हुन्छ । शिक्षा ऐन, नियमावलीमा गरेको व्यवस्थाअनुसार विद्यालयमा प्र.अ./ प्राचार्य रहने र उनले विद्यालयको दैनिक प्रशासन सञ्चालन र शैक्षिक गतिविधिको अनुगमन र त्यसको अवस्था विश्लेषण गर्ने प्रमुख जिम्मेवारी रहेको छ । सामाजिक परीक्षणको माध्यमबाट विद्यालयको दैनिक शैक्षिक प्रशासनिक अवस्थामा परेको प्रभाव विश्लेषणका लागि गरिएको अनुसन्धानबाट सङ्कलित सूचनाहरूको अवस्थालाई विश्लेषण गरी देहाय अनुसारको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ९ : विद्यालयको दैनिक प्रशासनको नियमितता

| क.स. | विवरण | धारणा |
|---|---|---|
| १ | समयको पालना :<br>क) विद्यालय खुल्ने र बन्द हुने समयको पालना<br>ख) कक्षाको समयावधिको पालना । | अधिकांश शिक्षक तथा विद्यार्थीको बानीमा परिर्वतन आएको । |
| २ | बिदापूर्व स्वीकृति गराएर मात्र अनुपस्थिति रहने अवस्था | आंशिक सत्यता रहेको । |
| ३ | प्र.अ. अत्यावश्यक कामबिना विद्यालय बाहिरन रहने | आंशिक सत्यता रहेको । |
| ४. | मैत्रीपूर्ण वातावरण | अधिकांश शिक्षक तथा विद्यार्थीमा रहेको । |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

तालिका नौ लाई विश्लेषण गर्दा सामाजिक परीक्षण हुन थालेपछि विद्यालयहरूको दैनिक प्रशासन सञ्चालन र त्यसको प्रभाव शैक्षिक गुणस्तरमा पर्ने सङ्केत देखिएको छ । किन कि नमुना छनौटमा परेका विद्यालयको अवस्थालाई अध्ययन गरी प्राप्त तथ्याङ्कलाई तालिका प्रस्तुत गरिएको आधारलाई हेर्दा विद्यालय समयलाई सबै पक्षहरूबाट (प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, पदाधिकारी) पालना गर्ने गरेको अवस्था देखिन्छ भने कक्षाको घण्टी सुरु र अन्त्य समयसम्म शिक्षक कक्षाकोठाको भित्र रहने कार्यलाई सकारात्मक परिवर्तन मान्नुपर्छ । विद्यालयमा अनुपस्थिति रहँदा

आफूखुसी नभई विदाको पूर्वस्वीकृति गराउनुपर्ने प्रावधानलाई अझै पनि पूर्ण रूपमा पालना गर्न नसकेको र विद्यालयमा मैत्री वातावरणको प्रभाव क्रमशः पर्दै जानुलाई यसको सकारात्मक प्रभाव मान्न सकिन्छ ।

म्याक ग्रेगर (१९६४) ले उल्लेख गरेजस्तै जब कामदारलाई प्रोत्साहन गरिन्छ तब उसको कामप्रति लगाव बढ्छ भने जस्तै नमुना क्षेत्रमा पनि सामाजिक परीक्षण मार्फत प्र.अ., शिक्षकहरूलाई कार्यप्रति लगनशील भई लाग्नका लागि प्रोत्साहित गरेपछि विद्यालयको गतिविधिमा परिवर्तन आएको मान्न सकिन्छ तर पण्डित (२०६९) ले उल्लेख गरेजस्तो सामाजिक परीक्षण नै हुन नसकेको र आपसमा द्वन्द्व रहेको तथ्यलाई भने यो अध्ययनले सत्य सावित गर्न नसकेको स्पष्ट हुन्छ । यसरी हेर्दा सामाजिक परीक्षण विद्यालयका लागि लाभदायी हुने, गुणस्तर सुधारमा सहयोगी बन्ने र विद्यालयप्रति सरोकारवालाको चासो बढ्नुलाई यसको प्रभाव मान्न सकिन्छ ।

### ४.२.४ सामाजिक परीक्षणले सहयोग पुऱ्याएको क्षेत्रहरू

सामाजिक परीक्षण विद्यालयको गतिविधि पारदर्शी गर्ने एक उत्तम माध्यम हो । जसले सरोकारवाला पक्षहरूलाई विद्यालयप्रति जवाफदेही, उत्तरदायी र कर्तव्यनिष्ठ बनाउन सहयोग गर्छ । नमुना छनौटमा परेका विद्यालयहरूमा गरिएको अध्ययनबाट प्राप्त सूचनालाई देहायको तालिकामा तालिकीकरण गर्दै सामाजिक परीक्षणले पुऱ्याएको सहयोगको अवस्थालाई चित्रण गर्न सकिन्छ :

तालिका १० : सामाजिक परीक्षणले पुऱ्याएको सहयोगका क्षेत्रहरू

| क्र.स. | विवरणको अवस्था | पदाधिकारी ( प्रतिशतमा) | शिक्षक ( प्रतिशतमा) | विद्यार्थी ( प्रतिशतमा) | अभिभावक ( प्रतिशतमा ) |
|---|---|---|---|---|---|
| १. | विद्यालय व्यवस्थापन सहयोग | - | ३३.३३% | १६.६७% | - |
| २. | विद्यालय समुदाय सम्बन्ध विकास | १६.६७% | - | - | - |
| ३. | लोकप्रियताको विकास | ३३.३३% | - | ३३.३३% | ५०% |
| ४. | सरोकारवालाको सन्तुष्टि | - | - | - | १६.६७% |
| ५ | माथिल्लो निकायको प्रशंसा | ३३.३३% | १६.६७% | - | - |
| ६. | जिम्मेवारीको वहन | - | १६.६७% | - | - |
| ७. | प्र.अ.लाई काम गर्न सजिलो | - | ३३.३३% | १६.६७% | ३३.३३% |
| ८. | विद्यालयको स्तरमा सुधार | १६.६७% | - | ३३.३३% | - |
| | जम्मा | १००% | १००% | १००% | १००% |

स्रोत: स्थलगत सर्वेक्षण, २०७०

तालिकालाई विश्लेषण गर्दा सामाजिक परीक्षणले विद्यालयको विकासमा सहयोग पुग्ने निश्चित छ । यसका लागि विद्यालयको विकासका क्षेत्रहरूको पहिचान गर्दा विद्यालय व्यवस्थापनमा सहयोग पुग्ने विचारमा ३३.३३ % शिक्षक छन् भने विद्यार्थी १६.६७% रहेका छन् । त्यसैगरी विद्यालयको स्तर सुधार गर्न सहयोग पुग्ने विचार राख्नेमा १६.६७% वि.व्य.स./शि.अ. सङ्घका पदाधिकारी छन् भने ३३.३३% विद्यार्थी रहेको देखिन्छ । यसरी हेर्दा विद्यालयको सामाजिक परीक्षणले सकारात्मक भूमिका निर्वाह गर्ने देखिन्छ । तालिकामा उल्लेख भएअनुसार विद्यालयले प्रशंसा गरेकोमा पदाधिकारीले ३३.३३%ले र १६.६७% विद्यार्थीले धारणा व्यक्त गरेका छन् ।

सामाजिक परीक्षणले समुदायसँगको सम्बन्ध विकासमा सहयोग पुऱ्याउने अपेक्षामा पदाधिकारीहरू १६.६७% आशावादी छन् भने कार्यक्रमको लोकप्रियताप्रति ३३.३३% आशावादी रहेको तथ्याङ्क छ भने विद्यार्थीले ३३.३३% र अभिभावक ५०.००% आशावादी रहेका छन् । यतिबेला दाहाल (२०६३) ले उल्लेख गरे अनुसार संस्थाको वार्षिक गतिविधिलाई सरोकारावाला समक्ष प्रस्तुत गर्न सक्दा त्यसले संस्थाप्रति जनविश्वास बढ्ने, पारदर्शितामा वृद्धि हुने लगायतका काम भएको छ । सामाजिक परीक्षणले नमुना क्षेत्रमा पनि यस्तो प्रभाव पार्न सकेको स्पष्ट हुन्छ । सामाजिक परीक्षणले प्र.अ.लाई आफ्नो दैनिक कार्य सम्पादनमा सजिलो बनाउँछ भन्ने पक्षमा ३३.३३% शिक्षक, १६.६७% विद्यार्थी र ३३.३३% अभिभावक रहनुलाई पनि सामाजिक परीक्षणले पुऱ्याएको सकारात्मक योगदान मान्नुपर्छ । किनकि पौल (१९३७) ले भनेअनुसार कार्य विभाजन गतिविधिको अवस्थालाई सामाजिक परीक्षण मार्फत सार्वजनिक गरिनुले यही कुरालाई पुष्टि गरेको छ ।

## ४.३ सामाजिक परीक्षणमा देखिएका समस्याहरू

विद्यालयको योजना निर्माण गर्ने कार्य देखि लिएर त्यसको सफल कार्यान्वयनका लागि जनसहभागिताको अपेक्षा सहित प्रयोगमा ल्याइएको सामाजिक परीक्षणले विद्यालयको गतिविधिलाई पारदर्शिता बनाई जनसमक्ष ल्याई विद्यालयलाई आलोचनामूक्त बनाउने उत्तम कार्य गर्दछ । विद्यालय स्थानीय समुदायको आलोचनाको माध्यम बनेको, अभिभावक र अन्य सरोकारवालाको छायामा परेको वर्तमान समयमा सामुदायिक विद्यालयमा हुने सामाजिक परीक्षणमा देखिएका समस्याहरूलाई नमुना छनोटमा परेका विद्यालयहरूबाट प्राप्त सूचनाहरूलाई आधार मानी देहाय अनुसारको समस्याहरू रहेको तथ्यलाई औंल्याउन सकिन्छ :

### ४.३.१ अभिमुखीकरणको अभाव

सामाजिक परीक्षणमा जनसहभागिताको अपेक्षा गरिएको छ। नमुना छनोटमा परेका विद्यालयहरूमा गरिएको अध्ययनले के पुष्टि गरेको छ भने यस कार्यक्रमको अभिमुखीकरणको अभावमा सरोकारवालाको भूमिका र कार्य विवरणमा विद्यालयको गतिविधि भन्दा लेखासम्बन्धी मात्र कार्यहरू हुने गरेको तथ्याङ्कले स्पष्ट गर्दछ।

तालिका ११ : सरोकारवाला पक्षलाई अभिमुखीकरण

| क.स | सरोकारवाला पक्ष | विवरण |
|---|---|---|
| १ | वि.व्य.स. पदाधिकारी (अध्यक्ष बाहेक) | छैन |
| २. | शि.अ. सङ्घ पदाधिकारी (संयोजक बाहेक) | कहिलेकाहीँ |
| ३ | शिक्षक / विद्यार्थी | हालसम्म नभएको |
| ४ | अभिभावक | थाहा नै नभएको |
| ५. | कर्मचारी (लेखापाल) | १/२ पटक लिएको |
| ६. | अन्य पक्ष | थाहा छैन |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

### ४.३.२ दक्ष जनशक्तिको अभाव

विद्यालयमा गरिने सामाजिक परीक्षणका लागि छनोट गरिएका सदस्यहरू नै आफैं अन्योलमा परी स्पष्ट कार्य सम्पादनमा समस्या देखिन्छ। नमुना छनोटका विद्यालयमा गरिएको स्थलगत सर्वेक्षणले दक्षजनशक्तिको अभाव नै सामाजिक परीक्षणको मुख्य समस्या रहेको बताएका छन्। यसरी धारणा राख्नेहरूमध्ये ७५% ले यो समस्यालाई औंल्याएका छन्।

### ४.३.३ उत्तरदायित्व बोधको कमी

संस्थाप्रति सरोकार राख्ने पक्षहरूले आफ्नो कर्तव्य र इमान्दारितालाई सम्झनुपर्छ। विद्यालय सामाजिक सहयोग र सद्भावबाट सञ्चालन भएको हुन्छ। यहाँका हरेक गतिविधि प्रति सरोकारवाला पक्षको प्रत्यक्ष र अप्रत्यक्ष सहभागिता र समर्थन आवश्यक हुन्छ। यसका लागि उनीहरूले आफ्नो उत्तरदायित्व बोध गर्न आवश्यक छ। नमुना छनोटमा परेका विद्यालयको सामाजिक परीक्षण गर्ने गराउने पक्षहरूले आफ्नो कर्तव्यलाई इमान्दारपूर्वक गर्न नसकेको देखिन्छ, जसको विवरण तालिकामा देखाइएको छ :

तालिका १२ : सरोकारवाला पक्षको उत्तरदायित्वको अवस्था

| क.स. | सरोकारवाला पक्ष | कार्यको विवरण |
|---|---|---|
| १. | पदाधिकारी (वि.व्य.स./शि.अ.सङ्घ) | औपचारिकतामा सीमित |
| २ | प्रधानाध्यापक | औपचारिकतामा सीमित |
| ३. | प्रतिनिधित्व गर्ने शिक्षक / विद्यार्थी | अन्योलमा |
| ४. | अभिभावक | चासो नै नदेखाउने |
| ५. | तालुक निकाय | औपचारिकतामा सीमित |
| ६. | प्रतिवेदन सार्वजनिकीकरण | नहुने |

स्रोतः स्थलगत सर्वेक्षण,२०७०

### ४.३.४ अनुगमन र सुपरिवेक्षणमा कमी

जुनसुकै कार्यक्रमको सफलता त्यसको अनुगमन र सुपरिवेक्षणसँग जोडिएको हुन्छ। सामाजिक परीक्षण पनि सुपरिवेक्षण र अनुगमनको अभावमा औपचारिकता बन्दै गइरहेको अभास हुन्छ। नमुना छनोटका विद्यालयमा हुने सामाजिक परीक्षणको सुपरिवेक्षण र त्यसको अनुगमनको जिम्मेवारी पाएका पदाधिकारी निकायहरूले छड्के नजरले सम्म हेर्ने नगरेको तथ्याङ्क पाइयो। जसलाई तालिकीकरण गर्दा :

तालिका १३ : सामाजिक परीक्षणको सुपरिवेक्षण र अनुगमन

| क.स. | अधिकार प्राप्त अधिकारी/निकाय | सुपरिवेक्षणको अवस्था |
|---|---|---|
| १. | वि.व्य.स. पदाधिकारी (अध्यक्ष) | उपस्थिति सम्म हुने गरेको |
| २. | स्रोतव्यक्ति / वि.नी | एकपटक पनि नआएको |
| ३. | शिक्षाप्रेमी/ वुद्धिजीवी चन्दादाता | समितिमा बसे पनि काम नगर्ने गरेको |
| ४. | सङ्घ/संस्थाका पदाधिकारी | बेवास्ता गर्ने गरेको |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

### ४.३.५ सा.प.मा. संलग्न व्यक्तिलाई प्रोत्साहनको अभाव

कार्यक्रमको सफलता र असफलता त्यसको प्रभावकारी कार्यान्वयनले निर्धारण गर्दछ। सामाजिक परीक्षण गरे, गराएवापत, त्यसको सार्वजनिकीकरण र तालुक निकायमा पेस गर्दा जतिसुकै राम्रो गरेतापनि त्यसको दण्ड र प्रोत्साहतको कार्य कही कतैबाट हुने गरेको पाइँदैन।

नमुना छनोटका विद्यालयमा पनि यस्तो अवस्था नरहेको सरोकारावाला पक्षहरूले आफ्नो धारणा राखेका छन् ।

### ४.३.६ पारिश्रमिकको व्यवस्था नहुने

सामाजिक परीक्षणमा बसी कार्य गरेवापत कुनै किसिमको पारिश्रमिक वा भत्ता प्राप्त गर्ने सुविधा छैन । आफ्नो काम छोडेर ३/ ४ दिन वा हप्तादिन समय दिनुपर्ने तर सो कार्य गरेवापत कुनै पनि भत्ता प्राप्त नहुदा काम गर्ने व्यक्तिहरूको समयको पावन्दीलाई ध्यान दिँदै हत्तारमा प्रतिवेदन बनाउने गरेको पाइन्छ । यसले कामको विश्वासनीयता र बैधतामा सङ्कट निम्त्याएको छ ।

## ४.४ सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरू

विद्यालयहरूमा हुने सामाजिक परीक्षणमा विविध समस्याहरू छन् । ती समस्याहरू आउने पनि धेरै कारणहरू रहेका छन् । अतः सरोकारवाला पक्षहरूले ती समस्या आउने कारक तत्वहरूको खोजी गरी समाधानका उचित उपायहरूको खोजी गर्न आवश्यक हुन्छ । सामाजिक परीक्षणमा देखिएका यी समस्याहरूको निराकरणका लागि सरोकारवाला पक्षसँग अनुसन्धानको क्रममा गरिएको छलफलबाट प्राप्त सुझाव र राय सल्लाहअनुसार देहायअनुसारको समाधानका उपायहरू पहिचान गरिएका छन् :

### ४.४.१ अभिमुखीकरण कार्यक्रमको सञ्चालन

सामुदायिक विद्यालयमा हुने सामाजिक परीक्षणको सन्दर्भमा यसको औचित्य कार्य क्षेत्र, समितिको गठन, समितिका पदाधिकारीको भूमिका लगायतका विषयमा सरोकारवाला पक्षहरूलाई १/३/५ दिन अभिमुखीकरण कार्यक्रमको सञ्चालन हुने धारणा अनुसन्धानको पाइयो ।

### ४.४.२ प्रभावकारी अनुगमन र सुपरिवेक्षण

सामुदायिक विद्यालयमा हुने सामाजिक परीक्षणमा उत्पन्न हुने समस्याहरूलाई निर्मूल पार्न हरेक विद्यालयमा माथिल्लो निकायबाट भरपर्दो अनुगमन र सुपरिवेक्षण हुनुपर्ने कुरामा जोड दिएको पाइयो । स्रोतकेन्द्र र वि.नीहरूबाट सुपरिवेक्षण नहुदा समस्या उत्पन्न हुने गरेको हो ।

### ४.४.३ पुरस्कार र दण्डको प्रयोग

सामुदायिक विद्यालयमा सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका लागि सरोकारवाला पक्षहरूलाई उचित कामका लागि पुरस्कार बेलाबेलामा पृष्ठपोषण प्रदान गर्नुपर्छ भने खराब कामका लागि उचित दण्ड प्रदान गर्नुपर्ने धारणा नमुना विद्यालयका सरोकारवाला पक्षहरूबाट राखियो । त्यसैले राम्रो कामका लागि पुरस्कार र नराम्रो कामका लागि दण्ड दिनसके सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

### ४.४.४ जिम्मेवारीको स्पष्ट बाँडफाँड

सामाजिक परीक्षणमा सम्बन्धित पक्षहरूको लागि छुट्ट्याएको काम वस्तुनिष्ठ हुन नसकेकाले उनीहरूका लागि कामको बाँडफाँड/जिम्मेवारी सहितको स्पष्ट निर्देशिकामार्फत जारी हुन सकेमा पनि समस्या समाधानमा सहयोग पुग्ने धारणा राखेको पाइयो ।

### ४.४.५ निर्देशिका बमोजिम सा.प.स.को गठन हुनुपर्ने

सामुदायिक विद्यालयमा वार्षिक रुपमा सम्पन्न गरिएका कार्यहरूको विवरणलाई पारदर्शी बनाउन गरिने सामाजिक परीक्षण गर्नुपर्ने प्रावधानसहित हरेक विद्यालयले सामाजिक परीक्षण समिति गठन गरी कार्य सम्पन्न गर्ने ढाँचा समेतको निर्देशिका जारी भएको छ । सो निर्देशिका बमोजिम समिति गठन नहुँदा जुन समस्याहरू देखिएका छन्, ती समस्या समाधानका लागि समेत पनि सो समितिको गठन निर्देशिका बमोजिम नै हुनुपर्ने धारणा सरोकारवालाको रहेको पाइयो ।

### ४.४.६ शिक्षक अभिभावक सङ्घको सक्रियता

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई वृद्धि गर्ने विद्यालयमा सम्पादन गरिएका कार्यहरूको सामाजिक परीक्षणमा सहयोग गर्ने लगायतका काम तोकी गठन गरिएको शि.अ. सङ्घ सामाजिक परीक्षणमा क्रमशः निस्क्रिय हुदै गइरहेको जनगुनासो छ । यसले सामाजिक परीक्षणमा समस्या देखिएका छन् । अतः नियमावली बमोजिम गठित शि.अ. सङ्घले सामाजिक परीक्षणमा सक्रिय भूमिका खेल्न सके पनि समस्याहरू समाधान हुने विश्वास रहेको पाइयो । यस्ता धारणाहरू राख्नेमा अधिकांश शिक्षक र विद्यार्थीहरू रहेका थिए ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको अवस्था हेर्न गरिएको यस अनुसन्धानात्मक कार्यको यस अध्ययनमा अध्ययनबाट प्राप्त भएका मुख्य-मुखय विषय, त्यसबाट निकाल्न सकिने निष्कर्ष र देखिएका समस्याहरू समाधानका लागि अनुसन्धानकर्ताबाट प्रस्तुत गरिएका सुझावहरूलाई यहाँ छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस अध्ययनबाट निकालिएको प्राप्तिलाई तल प्रस्तुत गरिएको छ :

विद्यालयमा गरिने सामाजिक परीक्षणको जानकारी सरोकारवाला पक्षहरूलाई नहुने गरेको पाइयो । शि.अ. सङ्घका पदाधिकारीलाई नै ३३%ले मात्र थाहा पाउनुलाई यसको नमुना मान्न सकिन्छ । त्यसैगरी विद्यालयमा अध्यापनरत शिक्षक मध्ये ६७% ले थाहा पाउने गरेको पाइयो । नमुना छनोटमा परेका विद्यालयमा सामाजिक परीक्षण समिति गठन हुने गरेको र कार्य सम्पन्न गर्ने समेत गरेको देखियो । सो समिति निर्देशिकामा उल्लेख भए बमोजिम नै गठन गरेको पाइयो ।

सामाजिक परीक्षण समितिले प्रस्तुत गरेको प्रतिवेदन सरोकारवाला पक्षहरू र माथिल्लो निकायमा सार्वजनिकीकरण गर्दा सरोकारवाला पक्ष र अभिभावकको न्यून उपस्थिति र छलफल समेत हुने नगरेको देखिन्छ । त्यसैगरी सामाजिक परीक्षणमा अभिभावक, चन्दादाता, शिक्षक अध्ययनरत विद्यार्थीको प्रतिनिधित्व रहने गरेको भए तापनि कार्यान्वयनमा त्यसो नहुने गरेको पाइयो ।

विद्यालयमा हुने सामाजिक परीक्षणको जवाफदेहिता प्र.अ., वि.व्य.स. अध्यक्ष समेतको रहने भए तापनि त्यसको खर्च गर्ने, लेखा अभिलेखीकरण गर्ने र त्यसको अनुगमन र रेखदेखमा फितलोपन देखियो । त्यसैगरी विद्यालयमा हुने भौतिक तथा जिन्सी सामानको खरिद गर्ने, व्यवस्थापन गर्ने र सुरक्षाप्रदान गर्ने जिम्मेवारी प्र.अ.लाई दिइएको पाइयो भने उपयुक्त सामग्रीको अभिलेख राख्ने कामको जिम्मेवारी लेखापाललाई रहेको पाइयो ।

सामाजिक परीक्षणमा समुदायको सहभागिता बढे जस्तो देखाइएको छ तर वास्तविकता त्यस्तो नभएको तथ्याङ्कले स्पष्ट पार्छ । जस्तै १०% अभिभावकले चासो देखाउनु प्रतिनिधित्व गराईका अभिभावकनै नै अनुपस्थिति रहनुलाई यसको नमुनाको रुपमा लिन सकिन्छ । त्यसैगरी सामाजिक परीक्षणले विद्यालय  व्यवस्थापनमा सहयोग पुऱ्याएको, विद्यालयको स्तर उन्नति

गर्न र समुदायसँगको सम्बन्ध विकासमा सकारात्मक भूमिका खेलेको तथ्याङ्क पाइयो । त्यस्तै प्र.अ.लाई आफ्नो कार्य सम्पादनमा सहज हुने गरेको समेत पाइयो ।

सामाजिक परीक्षणमा सरोकारवाला पक्षहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न नसकिएको, सामाजिक परीक्षणमा दक्ष,सीपयुक्त र तालिमप्राप्त जनशिक्तको सहभागितालाई वृद्धि गर्न नसकिएको, पदाधिकारीहरूलाई आफ्नो काम र जिम्मेवारी प्रति जिम्मेवारी बोध हुन र गराउन नसकिएको तथा माथिल्लो निकायबाट कार्यक्रमको बेलाबेलामा अनुगमन, सुपरिवेक्षण, सुझावहरू प्राप्त हुन नसक्दा सामाजिक परीक्षणमा समस्या उत्पन्न हुन गएको तथ्याङ्कलाई औल्याइएको छ । यसको निराकरणका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने (खास गरी अभिभावक विद्यार्थीलाई) राम्रो काम गर्नेलाई पुरस्कार र खराब काम गर्नेलाई दण्डको व्यवस्था गर्न सके कार्यक्रमलाई थप राम्रो बनाउन सकिने सुझावहरू औल्याइएका छन् ।

## ४.२ निष्कर्ष

सामुदायिक विद्यालय समाजको साझा थलो हो । जसको नेतृत्व विद्यालयका तर्फबाट प्र.अ. ले र समुदायका तर्फबाट वि.व्य.स. ले लिने प्रावधान रहेको छ । यहाँ सम्पन्न गरिने कार्यहरूको विवरणलाई पारदर्शी, चुस्त, दुरुस्त भए नभएको छानविन गर्न सामाजिक परीक्षण समिति रहने प्रावधान रहेको छ । जसको नेतृत्व शिक्षक अभिभावक सङ्घका अध्यक्षले गर्ने नीतिगत व्यवस्था छ । सामुदायिक विद्यालयमा हुने सामाजिक परीक्षणको अवस्था बुझ्न गरिएको अनुसन्धान कार्यबाट प्राप्त सूचनाहरूलाई तालिकीकरण र प्रस्तुतीकरण पछि प्राप्त भएका तथ्यगत विषयवस्तुलाई आधार मानी देहायअनुसारको निष्कर्ष निकाल्न सकिन्छ :

विद्यालयमा गरिने सामाजिक परीक्षणको वास्तविकता के ? यो के संग सम्बन्धित छ ? भन्ने कुराको जानकारी सरोकारवाला पक्षहरूलाई नभएको तर सो कार्यका लागि गठन हुने समितिको गठन सामाजिक परीक्षण निर्देशिका बमोजिम नै गठन गर्ने गरेको
निष्कर्ष निकाल्न सकिन्छ । समितिले प्रस्तुत गरेको प्रतिवेदन माथिल्लो निकायमा पेस गर्न मात्र काम लाग्ने तर अभिभावकहरूलाई सार्वजनिकीकरण गर्न नसकिने पनि निष्कर्ष निकाल्न सकिन्छ । यसको खासकारण अभिभावकले काम चासो दिनु, न्यून सहभागिता बनाउनु आदिलाई लिन सकिन्छ ।

सामाजिक परीक्षण विद्यालयको गतिविधिको पारदर्शिताका लागि गरिने भएता पनि यसको मुख्य जिम्मेवारी प्र.अ.को जस्तै रहेको देखिन्छ । अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कले प्र.अ. लाई नै सबैखाले जिम्मेवारीको उच्च स्थानमा राखिएको पाइन्छ । जसले गर्दा जनसहभागिताको

अझसम्म पनि प्रत्याभूति हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ । त्यसैगरी विद्यालयको आर्थिक पारदर्शिता, भौतिक तथा जिन्सी सामानको व्यवस्थापन र रेखदेखमा प्र.अ.लाई जिम्मेवारी र समुदायको बिना चासो र सामाजिक परीक्षण हुनु पनि सकारात्मक मान्न नसकिने निष्कर्ष निकाल्न सकिन्छ ।

समाजिक परीक्षणमा जनचेतनाको अभाव, समितिमा सीपयुक्त, दक्ष र तालिमप्राप्त जनशिक्तलाई प्रवेश गराउन नसक्नु, माथिल्लो निकायबाट समय-समयमा सुपरिवेक्षण, त्यसको अनुगमन र निर्देशन प्राप्त नहुदा समस्याहरू उत्पन हुने गरेको र यसका लागि प्रभावकारी अनुगमनको व्यवस्था, दण्ड र पुरस्कारलाई समयमा कार्यक्रमको औचित्यका सन्दर्भमा सचेतना कार्यक्रम सञ्चालन हुनुपर्ने सुझावहरू अध्ययनमा सहभागिता जनाएका सरोकारवाला पक्षहरूबाट औँल्याइएका छन् । यसले विद्यालयको समुन्नत विकासमा जनसहभागिता वृद्धि हुने, विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सहयोग पुग्ने तथा अभिभावकको चासो बढाउन सकिने निष्कर्ष निकालिएको छ ।

## ५.३ सुझावहरू

सामुदायिक विद्यालयमा हुने आर्थिक, भौतिक, मानवीय व्यवस्थापन र शैक्षिक गतिविधिको पारदर्शिताका लागि सामाजिक परीक्षण गरिने प्रावधान रहेको छ । यसको अवस्था अध्ययन र समुदाय समितिमा परेको प्रभाव विश्लेषण गर्नका लागि गरिएको अनुसन्धानमूलक कार्यबाट सामाजिक परीक्षणले सरोकारवाला पक्षहरूको विद्यालयप्रति चासो बढाएको, विद्यालयको गतिविधिको पारदर्शिता हुन थालेको र आफ्नो कार्यप्रतिको उत्तरदायित्व बोध हुन थालेको तर्फ सामाजिक परीक्षण उन्मुख हुन थालेको देखिन्छ । तापनि केही समस्याहरू अझ पनि रहेको तथ्य अध्ययनको निष्कर्षले देखाएको स्पष्टै छ । त्यसैले सरोकारवालाहरूसँग गरिएको लक्ष्यित समूह छलफल र अवलोकन फारमबाट प्राप्त सूचनाहरूलाई आधार मान्दै निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

विद्यालयको समग्र विकास र उन्नयका लागि निर्माण गरिने नीति नियमले प्रभावित गर्दछ । त्यसैले शिक्षाको नेतृत्व लिई बसेका निकाय वा पदाधिकारी र नीति निर्माताहरूले समाजिक परीक्षणको सन्दर्भमा समयसमयमा विद्यालयका कर्मचारीलाई लेखा राख्ने तालिमको नीतिगत

व्यवस्था मिलाउनु पर्ने हुन्छ भने प्रतिवेदन सार्वजनिकीकरण र त्यसको छलफल पछिको प्राप्त सुझावहरूलाई समेटी अन्तिम प्रतिवेदन तयारीको स्पष्ट नीतिगत व्यवस्था शिक्षा विभाग वा मन्त्रालयले गर्नुपर्ने देखिन्छ । त्यसैगरी माथिल्लो निकायहरूबाट हुने गरेको स्थलगत विद्यालय निरीक्षणको क्रमलाई बढाउँदै सक्रियपूर्वक संचालन गर्नु पर्ने यस अध्ययनले देखाएको हुनाले विद्यालयको नेतृत्व लिने व्यक्ति योग्य, क्षमतावान, दक्षता र सीपयुक्त शिक्षक हुनुपर्छ । जसले सामाजिक परीक्षणलाई वस्तुनिष्ठ बनाउन पहल शिक्षा विभाग⁄ मन्त्रालयले गर्न सक्छन् । यसैगरी सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्दा स्रोतव्यक्ति, सम्बन्धित क्षेत्रको वि.नी अनिवार्य उपस्थिति हुनुपर्ने प्रावधान नीतिगत रूपमानै राखिनुपर्छ । यसका लागि नीतिगत व्यवस्था गरी त्यसको अनुगमन र सुपरिवेक्षण हुनपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

### ५.३.२ अभ्यास तह

सामुदायिक विद्यालयको समाजिक परीक्षण सम्बन्धी निर्देशिका (२०६५) ले व्यवस्था गरे अनुरुप सरोकारवाला पक्षहरू सबैले प्रभावकारी कार्यान्वयन गर्नु⁄गराउनु पर्ने हुन्छ । अभिावक, विद्यार्थी, शिक्षक, शि.अ. सङ्घका पदाधिकारी सबैलाई सामाजिक परीक्षणको तालिमको व्यवस्था मिलाउनु पर्छ । सामाजिक परीक्षण मार्फत समुदायसँगको विद्यालयको सम्बन्ध विकास गर्नका लागि समय समयमा गोष्ठी, सेमिनार, चेतनामूलक कार्यक्रम सञ्चालन जि.शि.का., स्रोतकेन्द्रले गर्नुपर्ने देखिन्छ । यसैगरी विद्यालयले समुदायको विश्वास जित्न विद्यालयमा भएका महत्वपूर्ण गतिविधिको विवरणलाई प्र.अ. शिक्षक, स्टाफकक्षमा सबैले देख्न सक्ने गरी राख्ने व्यवस्था वि.व्य.स⁄शि.अ.संघ ले मिलाउनुपर्छ ।

सामाजिक परीक्षणमार्फत विद्यालयको गतिविधिलाई पारदर्शी बनाई राख्न प्र.अ.ले शिक्षा विकेन्द्रीकरणको सिद्धान्तअनुरुप कार्य गर्नु गराउनुपर्ने देखिन्छ भने शिक्षकहरू पनि चनाखो भई विद्यालयका गतविधिमा सामेल हुनुपर्ने देखिन्छ । सामाजिक परीक्षण प्रतिवेदनलाई औपचारिकतामा मात्र सीमित नगरी त्यसले प्रस्तुत गरेका सुझावहरूको विश्वसनीयता खोजी गरी कार्यान्वयन गर्नु पर्ने सुझाव पेश गरिन्छ । त्यसैगरी सामाजिक परीक्षण समितिलाई अभिमुखीकरण गरी सक्रियपूर्वक सबै पक्षका अभिलेख हेर्न र त्यसको विश्लेषण गरी राय⁄ सुझाव राख्नका लागि प्रोत्साहन गर्नु पर्दछ । यसैगरी शिक्षक-अभिभावक सङ्घ, उपल्लो तहका उत्कृष्ट छात्रछात्राको सहभागिता बढाउने तर्फ कार्य गर्नुपर्ने हुन्छ । यसले गर्दा विद्यालयको गतिविधिको पारदर्शितालाई सुनिश्चित गर्न सकिन्छ ।

### ५.३.३ अनुसन्धान तह

सामुदायिक विद्यालयको सामाजिक परीक्षणको अवस्था विश्लेषण र प्रभाव खोज्न गरिएको यस अनुसन्धानात्मक कार्यमा समेट्न नसकिएका तर भविश्यमा यही क्षेत्रसँग सम्बन्धित भई अनुसन्धान गर्न चाहनेहरूका लागि समेत हुने गरी निम्नानुसारका सुझावहरू अनुसन्धानका क्षेत्रमा प्रस्तुत गरिएको छ ।

१. सामाजिक परीक्षण र समुदायीक विकास ।

२. सामाजिक परीक्षण र विद्यालय गतिविधिको पारदर्शिता ।

३. सामाजिक परीक्षणले विद्यार्थीको शैक्षिक गुणस्तरमा पारेको प्रभाव ।

४. कक्षाको नियमिततामा सामाजिक परीक्षणको भूमिका ।

५. आर्थिक पारदर्शिता र सामाजिक परीक्षण ।

६. सामाजिक परीक्षणले विद्यालयको भौतिक विकासमा पारेको प्रभाव ।

# सन्दर्भग्रन्थ

अधिकारी, तोयानाथ (२०६६), *शिक्षाको परिचय,* मोरङः श्याम पुस्तक भण्डार ।

आचार्य, शुसन र खनाल, मुकुन्दमणी (२०६३), *शिक्षाको वित्तशास्त्र,* काठमाडौः मकालु पुस्तक भण्डार ।

काफ्ले, बासुदेव र साथीहरू (२०६५), *शिक्षाको वित्तशास्त्र,* काठमाडौः सनलाइट पब्लिकेसन ।

के.सी, फत्तवहादुर (२०५७), *मानव संसाधन व्यवस्थापन, काठमाडौः नवीन प्रकाशन ।*

कोइराला, सीताराम (२०६२), *शिक्षा प्रशासनका आयामहरू,* काठमाडौः सोपान मासिक ।

खतिवडा, चैतन्य (२०६६), *विद्यालय सुधार योजना र प्राथमिक तहका विद्यार्थीहरूको सिकाइ उपलब्धि,* स्नातकोत्तर तह एम.एड. शोधपत्र (अप्रकाशित), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरःमोरङ ।

जिल्ला शिक्षा कार्यालय (२०६५) *सामाजिक लेखापरीक्षण निर्देशिका,* मोरङः लेखक ।

डाँगी, योगेन्द्र (२०६८) स*ामुदायिक विद्यालयमा सामाजिक परीक्षण,* स्नातकोत्तर तह, एम.एड. शोधपत्र (अप्रकाशित), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर,मोरङ ।

तामाङ, गोविन्दकुमार (२०६६), *सामुदायिक विद्यालयमा आर्थिक पारदर्शिताको लागि सामाजिक परीक्षण,* स्नातकोत्तर तह एम.एड. शोधपत्र (अप्रकाशित), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरः मोरङ ।

दाहाल, प्रकाश (२०६३), *नेपालमा सरकारी कार्यालयमा हुने आर्थिक पारदर्शिताका लागि लेखापरीक्षण,* स्नातकोत्तर तह एम.वि.एस. शोधपत्र (अप्रकाशित) स्नातकोत्तर क्याम्पस, विराटनगर, मोरङः ।

पराजुली, तीर्थराज (२०६५), *शिक्षाको परिचय,* काठमाडौः बुद्ध एकेडेमिक पब्लिक एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

पाण्डे, ध्रुवलाल र अमात्य, सुरेन्द्रकेशर (२०६२), *लेखापरीक्षण,* काठमाडौः एसिया पब्लिकेसन्स् प्रा.लि. ।

पण्डित, रामचन्द्र (२०६९) *विद्यालय समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षणको भूमिका,* स्नातकोत्तर तह, एम.एड. शोधपत्र(अप्रकाशित), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरः मोरड .

राई, कौशलसिह (२०६९) *सामुदायिक विद्यालयमा सामाजिक विद्यालयमा सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका,* स्नातकोत्तर, तह, एम.एड. शोधपत्र (अप्रकाशित), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरः मोरङ ।

वाग्ले, मनप्रसाद र साथीहरू (२०५३), *नेपालमा शैक्षिक वित्तशास्त्र,* काठमाडौः पैखी प्रकाशन ।

शर्मा, ओमप्रसाद (२०६१) *शैक्षिक समाचार,* भक्तपुरः शिक्षा विभाग, विद्यालय व्यवस्थापन शाखा ।

शिक्षा विभाग(२०६३), *विद्यालयमा लेखा व्यावस्थापन,* भक्तपुरः नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

सिंह, दयवीर र भण्डारी, डिल्लीराम (२०६९) *रणनीतिक व्यवस्थापन तथा व्यवसाय वातावरण,* काठमाडौः अस्मिता बुक्स पब्लिकर्स एण्ड डिस्ट्रियुटर्स ।

शर्मा, ओमप्रसाद (२०६१), समुदायिक विद्यालय समुदायमा हस्तान्तरण प्रक्रिया, *शैक्षिक समाचार,* अङ ११ (२), भक्तपुरः शिक्षा विभाग, विद्यालय व्यवस्थापन शाखा ।

# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची एक : प्रधानाध्यापकको लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालय :

नामः अनुभव बर्ष

१. विद्यालयमा समाजिक परीक्षण समितिको गठन कसरी गर्ने गरिएको छ ?

२. उक्त समितिले के कस्ता भूमिकाहरू निर्वाह गर्ने गरेको छ ?

३. सामाजिक परीक्षणको सैद्धान्तिक दृष्टिकोण के होला ?

४. सामाजिक परीक्षण समितिलाई परिचालन गर्न के कस्ता योजनाहरू बनाइएका छन् ?

५. सामाजिक परीक्षण समितिले हालसम्म कुन कुन पक्षमा अध्ययन गरेको छ ?

६. उक्त अध्ययन विश्लेषणप्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

७. सामाजिक परीक्षण प्रतिवेदनमा समेट्ने क्षेत्रहरु केके हुन् ?

८. समाजिक परीक्षणको कार्यान्वयनमा देख्नु भएका चुनौतिहरू के के हुन् ?

९. समाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरू के के हुन् ?

१०. वि.व्य.स. पदाधिकारी र शि.अ.सङ्घको भूमिका सामाजिक परीक्षणमा कस्तो रहेको छ ?

११. सामाजिक परीक्षणबाट विद्यालय समुदायको सम्बन्धको विकास लगायत समग्र शैक्षिक विकासमा के कस्तो योगदान पुऱ्याएको महसुस गर्नु भएको छ ?

१२. सामाजिक परीक्षणलाई प्रभावकारी बनाउन आगामि दिनमा के कस्ता उपायहरू अवलम्न गर्नु पर्ला ?

१३. सामाजिक परीक्षणका सम्बन्धमा शिक्षक, अभिभावक, वि.व्य.स. पदाधिकारी, शिक्षक अभिभावक सङ्घ लगायत सरोकारवालाहरूमा जागरुकताको स्थिति कस्तो छ ?

# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची दुई : शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालय :

नामः अनुभव बर्ष

१. सामाजिक परीक्षणका सम्बन्धमा सरोकारवालाहरू वीचमा विद्यालयमा कुनै अभिमुखीकरण कार्यक्रम गरिएको छ ?

क) छैन ख) छन् ग) समितिलाई मात्र हुने गरेको छ

२. सामाजिक परीक्षणको अवधारणाका बारेमा तपाई कतिको प्रस्ट हुनुहुन्छ ?

क) अलिअलि ख) पूर्ण ग) ठीकै

३.विद्यालयमा सामाजिक परीक्षण गराउने जिम्मेवारी कसको हुन्छ ?

क) शिक्षक ख) प्र.अ. ग) शि.अ. संघ घ) वि.व्य.स.

४. तपाईको विद्यालयमा सामाजिक परीक्षण हुने गरेको छ ?

क) छ ख) छैन ग) कहिलेकाही घ) थाहाछैन

५. सामाजिक परीक्षणमा शि.अ.सङ्घको भूमिका कस्तो रहेको छ ?

क) सक्रिय ख) निष्क्रिय ग) वास्ता गर्दैन घ) थाहा छैन

६. सामाजिक परीक्षण सम्बन्धी निर्देशिका एवम् अन्य सामग्रीहरू विद्यालयमा उपलब्ध छन् ?

क) छन् ख) छैनन् ग) केही छन् घ) थाहा छैन

७. सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक भएको थाहा छ ?

क) थाहा छैन ख) थाहा छ ग) कहिलेकाही हुन्छ

८. सामाजिक परीक्षण प्रतिवेदनमा के के परीक्षण हुन्छ ?

क) आर्थिक गतिविधि ख) शिक्षकको कामको समीक्षा

ग) सम्पूर्ण विद्यालयको अवस्था

९. सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्दा तपाई विद्यालय जानुहुन्छ ?

क) जान्छु ख) जान्न ग) वास्ता गर्दिन घ) भ्याउदिन

१०. सामाजिक परीक्षणमा शि.अ.संघले कस्तो भूमिका खेलेको छ ?

क) सक्रिय ख) निष्कृय ग) अति राम्रो घ) थाहा छैन

११. सामाजिक परीक्षण देखिएका समस्याहरू के के छन् ?

..............................................................................................................

१२. सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरू के के हुन्छन् ?

..............................................................................................................

१३. तपाईलाई सामाजिक परीक्षणका सन्दर्भमा भएको जानकारी गराइ दिनुहोस् ।

..............................................................................................................

१४. विद्यालयमा सामाजिक परीक्षण आवश्यक छ ?

..............................................................................................................

१५. सामाजिक परीक्षणबाट विद्यालय व्यवस्थापनको कुन कुन पक्षमा पृष्ठपोषण प्राप्त गर्न सकिएला ?

..............................................................................................................

# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची तीन : वि.व्य.स. पदाधिकारीका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम :

वि.व्य.स. पदाधिकारीको नाम :

१. सामाजिक परीक्षणको सन्दर्भमा तपाईलाई कतिको थाहा छ ?

क) राम्रोसँग थाहा छ   ख) आंशिक थाहा छ   ग) केही पनि थाहा छैन ।

२. विद्यालयमा सामाजिक परीक्षण हुने गरेको छ ?

क) नियमित हुन्छ   ख) आवश्यकतानुसार हुन्छ   ग) हुदैन

३. शि.अ.सङ्घका अध्यक्षले सामाजिक परीक्षणका सन्दर्भमा कतिको छलफल गर्नुहुन्छ ?

क) गर्नु हुन्न   ख) गर्नु हुन्छ   ग) थाहा छैन   घ) आवश्यकतानुसार

४. विद्यालयमा हुने सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक हुन्छ ?

क) नियमित हुन्छ   ख) आवश्यकतानुसार हुन्छ   ग) हुदैन

५. सामाजिक परीक्षण गर्ने दिन विद्यालयमा अभिभावकको उपस्थिति कस्तो रहन्छ ?

क) उल्लेख्य   ख) नगन्य   ग) जानकारी नै हुदैन

६. तपाईको विद्यालयमा सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन भएको छ ?

क) सतप्रतिशत हुन्छ   ख) आंशिक रूपमा हुन्छ   ग) हुदै हुदैन

७. सामाजिक परीक्षण प्रतिवेदनले विद्यालय र समुदाय बीचको सम्बन्ध कस्तो राख्दछ ?

क) सुमधुर   ख) धेरै राम्रो   ग) नराम्रो   घ) ठीकठीकै

८. विद्यालय समुदाय सम्बन्ध बढाउन सामाजिक परीक्षण कस्तो हुनुपर्छ ?

क) पारदर्शी   ख) कानुन बमोजिम   ग) थाहा छैन

९. सामाजिक परीक्षणले समुदायमा कस्तो प्रभाव परेको छ ?

.................................................................................................................

१०. सामाजिक परीक्षणमा देखिएका प्रमुख समस्याहरू के के हुन् ?

.................................................................................................................

११. सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपयाहरू के के हुन् ?

.................................................................................................................

# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची चार : सामाजिक परीक्षण समितिका पदाधिकारीका लागि अन्तर्वार्ता प्रश्नावली

१. सामाजिक परीक्षण समितिमा बसेर काम गर्दा कस्तो महसुस गर्नु भएको छ ?

क) स्वतन्त्र ख) दबावमूलक ग) आंशिक

२. सामाजिक परीक्षण विद्यालयमा किन आवश्यक छ ?

क) विद्यालयको पारदर्शिताका लागि ख) शिक्षकको तलबभत्ता निकासाका लागि

ग) औपचारिकता पूरा गर्नका लागि

३. सामाजिक परीक्षण समितिले आर्थिक भन्दा अन्य पक्षको खोजी गरेको कुरामा तपाईको धारणा के छ ?

क) एकदम ठीक ख) सामान्य ग) बेठीक घ) थाहा छैन

४. तपाईको विचारमा प्र.अ.ले सामाजिक परीक्षण प्रतिवेदनका सुझाव कार्यान्वयन गर्नुहुन्छ ?

क) गर्नुहुन्छ ख) आंशिक ग) गर्नुहुन्न घ) मतलब नै छैन

५. सामाजिक परीक्षण गर्दा तपाईले प्राप्त गरेको सहयोग कस्तो छ ?

क) एकदम राम्रो ख) ठीक ठीकै ग) असहयोग घ) वास्ता नै नगरेको

६. तपाईको विचारमा समाजिक परीक्षणमा सहभागी पक्षहरू के के हुनुपर्छ ?

..................................................................................................................

७. सामाजिक परीक्षणमा देखिएका समस्याहरू के के छन् ?

..................................................................................................................

८. सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरू के के छन् ?

..................................................................................................................

# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची पाँच : स्रोतव्यक्तिका लागि अन्तर्वार्ता प्रश्नावली

नाम : स्रोतकेन्द्र :

१. सामाजिक परीक्षण भनेको के हो ?
क) आर्थिक हिसाब किताब हेर्ने ख) विद्यालयको सम्पूर्ण गतिविधिको अवस्था हो
ग) शिक्षकलाई तलब खुवाउन सहयोग पुऱ्याउने

२. विद्यालयमा सामाजिक परीक्षण गराउने जिम्मेवारी कसको हो ?
क) प्र.अ. ख) शि.अ. सङ्घ ग) वि.व्य.स. घ) शिक्षक

३. सामाजिक परीक्षण गराउँदा शि.अ. सङ्घको भूमिका कस्तो हुन्छ ?
क) औपचारिकता ख) सक्रियता ग) निष्क्रियता घ) अन्य

४. प्र.अ. र वि.व्य.स. ले सामाजिक परीक्षणको प्रतिवेदनलाई कार्यान्वयन गर्छन् ?
क) गर्छन् ख) गर्दैनन् ग) आंशिक घ) थाहा छैन

५. विद्यालयमा सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गरेको छ ?
क) छ ख) छैन ग) थाहा छैन घ) अन्य

६. सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्दा विद्यालयमा तपाईको उपस्थिति हुन्छ ?
क) हुन्छ ख) हुँदैन ग) आवश्यकतानुसार

७. सामाजिक परीक्षण प्रति वि.व्य.स.को धारणा कस्तो पाउनु भएको छ ?
क) सकारात्मक ख) नकारात्मक ग) वास्ता छैन

८. सामाजिक परीक्षणप्रति स्थानीय समुदायको धारणा कस्तो पाउनु भएको छ ?
क) राम्रो ख) नराम्रो ग) थाहा छैन घ) अन्य

९. तपाईको विचारमा सामाजिक परीक्षण विद्यालयको लागि बोझ हो ?
क) हो ख) होइन ग) सुधार गर्ने सहयोगी घ) एकदम आवश्यक छ

१०. स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा समाजिक परीक्षण प्रतिवेदन तोकिएको समयमा नपुग्दा के कस्तो कारवाही हुन्छ ?

..........................................................................................................

११. सामाजिक परीक्षणमा देखिएका समस्या के के हुन् ?

..........................................................................................................

१२. सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरू के के छन् ?

..........................................................................................................

# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची छ : लक्षित समूह छलफल निर्देशिका

## (शिक्षक, अभिभावक, शि.अ.सङ्घको अध्यक्ष, सचिव, वि.व्य.स. पदाधिकारी)

१. सामाजिक परीक्षणको परिचय ।

२. सामजिक परीक्षण समितिमा संलग्न पक्षहरू ।

३. ती पक्षको भूमिका ।

४. सामाजिक परीक्षणको विद्यालयमा आवश्यकता ।

५. सामाजिक परीक्षणको उपयुक्त समय ।

६. विद्यालय समुदाय सम्बन्ध विकासमा सामाजिक परीक्षण ।

७. प्र.अ., शिक्षकको सम्बन्ध विकासमा सामाजिक परीक्षण ।

८. विद्यालयको गतिविधि पारदर्शितामा सामाजिक परीक्षण ।

९. सामाजिक परीक्षणप्रतिको दृष्टिकोण ।

१०. सामाजिक परीक्षणमा देखिएका समस्याहरू ।

११. सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरू ।

१२. सामाजिक परीक्षण नियम सङ्गत भइरहेछ ।

# सामुदायिक विद्यालयमा सामाजिक परीक्षण

## अनुसूची सात : विद्यालय अवलोकन रूजुसूची फाराम

| क.स. | विवरण | सूचकहरू | |
|---|---|---|---|
| | | विधी सम्मत | विधिसम्मत नभएको |
| १ | सामाजिक परीक्षण समितिको गठन विधि | विधी सम्मत | विधिसम्मत नभएको |
| २ | विद्यालयमा सामान खरिदको स्थिति | विधी सम्मत | विधिसम्मत नभएको |
| ३ | विद्यालयमा जिन्सी समानको अभिलेखीकरण | विधी सम्मत | विधिसम्मत नभएको |
| ४ | विद्यालयमा अनुगमन र सुपरिवेक्षणको नियमितता | विधी सम्मत | विधिसम्मत नभएको |
| ५ | पाठ्यपुस्तक खरिद कमिसन दाखिला | विधी सम्मत | विधिसम्मत नभएको |
| ६ | सञ्चयकोष/नागरिक लागनीको दाखिला | विधी सम्मत | विधिसम्मत नभएको |
| ७ | सामाजिक सुरक्षा कर दाखिला | विधी सम्मत | विधिसम्मत नभएको |
| ८ | सामान खरिदका विल, रसिदको फरफारक | विधी सम्मत | विधिसम्मत नभएको |
| ९ | सामाजिक परीक्षणको सचेतना | भएको | नभएको |
| १० | अभिभावकलाई सामाजिक परीक्षणको जानकारी | भएको | नभएको |
| ११ | प्रतिवेदनको सार्वजनीकरण | भएको | नभएको |
| १२ | सामाजिक परीक्षणमा अभिभावकको सहभागिता | भएको | नभएको |
| १३ | सामाजिक परीक्षणमा छात्र/छात्राको सहभागिता | भएको | नभएको |
| १४ | सामाजिक परीक्षणमा सम्बद्ध पक्षको सहभागिता | भएको | नभएको |
| १५ | विद्यालयको दैनिक प्रशासन सञ्चायलनको नियमितता | कामयावी भएको | कामयावी नभएको |
| १६ | विद्यालयमा मैत्रीपूर्ण वातावरण | कामयावी भएको | कामयावी नभएको |
| १७ | छात्रवृत्ति वितरणको पारदर्शिता | कामयावी भएको | कामयावी नभएको |
| १८ | विद्यालयप्रति सरोकारवालाको सन्तुष्टि | कामयावी भएको | कामयावी नभएको |
| १९ | सामाजिक परीक्षणप्रति सम्बद्ध निकायको प्रशंसा | कामयावी भएको | कामयावी नभएको |